महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

घोराही उप महानगरपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

घोराही उप महानगरपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ४९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
घोराही उप-महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दाङ ।

कैफियत सहितको राय

हामीले घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. उप-महानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१३ करोड ६१ लाख बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३० लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ५२ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ९८ लाख ७५ हजार र पेश्की रू.७९ लाख ७९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.४४ करोड ८४ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.५५ करोड ४८ लाख ६१ हजार रहेको छ । उप-महानगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. उप-महानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

घोराही उप-महानगरपालिका, दाङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७८	११७	१३६१००	०	०	०	७८	११७	१३६१००	३०२८	५९८७५	६५२१८	०	०	१२५०९३	७९७९

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
घोराही उप-महानगरपालिका	४४८४४१	०	२९६८०	४१८७६१	०	१३६१००	५५४८६१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : घोराही उप महानगरपालिका, दाङ , घोराही उप-महानगरपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भोज राज घिमिरे	२०७९-६-२६	हाल सम्म कार्यरत
लेखा प्रमुख	लोक मणी शर्मा	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१३६,१००,५१५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३३,८२,२५,२७२.५५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१,१३,५१,२७,०००	**चालु खर्च**	१,०४,५२,६७,०३१.०६
प्रदेश सरकारबाट अनुदान	११,४४,४८,०००	**पूँजीगत खर्च**	७९,७९,३३,९६९.३१
राजश्व बाँडफाँट	४८,०६,९६,४००.०३	**वित्तीय/अन्य व्यवस्था**	८०,५९,८१,५९१.३४
आन्तरिक आय	१६,९१,३८,६३२.१५		
अन्य आय	७३,८७,८९,४५८.८९		
कुल आय	२,६३,८१,९९,४९१.०७	**कुल खर्च**	२,६४,९१,८२,५९१.७१
बाँकी मौज्दात		३२,७२,४२,१७१.९१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**एकिकृत आय-व्यय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस उप -महानगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।	

सि.नं.	आय तर्फ		सि.नं.	व्यय तर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी	३३८२२५२७२.५५	१	चालु खर्च	१०४५२६७०३१.०६
	क) नगद		२	पूँजीगत खर्च	७९७९३३९६९.३१
	ख) बैंक	३३८२२५२७२.५५	३	वित्तीय व्यवस्था भुक्तानी	
२	राजस्व (आन्तरिक आय)	६४९८३५०३२.१८		क) ऋण भुक्तानी	
	क) आन्तरिक राजस्व	१६९१३८६३२.१५		ख) ब्याज भुक्तानी	
	ख) राजस्व बाँडफाँड	४८०६९६४००.०३		ग) अन्य भुक्तानी	
	ग) अन्य आय		४	लगानी	
३	संघ वित्तीय हस्तान्तरण	११३५१२७०००		ऋण लगानी	
	क) वित्तीय समानीकरण अनुदान	३४५००००००		शेयर लगानी	
	ख) सशर्त अनुदान	७५५५२७०००	५	अनुदान फिर्ता	१४७३५३१३२.०९
	ग) समपूरक अनुदान	१०४०००००	७	धरौटी फिर्ता	६३४०७८९.८१
	घ) विशेष अनुदान	३५३०००००	८	विविध कोष खर्च	३२६०५५१७.१५
			९	विविध खर्च	४१८९७९०५.६०
			१०	विभाज्य कोष खर्च	३५९९२५९८.१३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
							११	प्रकोप कोष खर्च	८१२९५७०		
				४	प्रदेश सरकारबाट प्राप्त अनुदान	११४४४८०००	११	मौज्दात			
					क) वित्तीय समानीकरण अनुदान	१६७०४०००		क) नगद मौज्दात	0		
					ख) सशर्त अनुदान	५१०४४०००		ख) बैंक मौज्दात संचित कोष	२८३२२९७०१.४५		
					ग) समपूरक अनुदान	३०००००००		चालु खर्च	0		
					घ) विशेष अनुदान	१६७०००००		पूजिगत खर्च	0		
					ङ) कोभिड विशेष						
				५	अन्तर सरकारी	00		विविध कोष खाता	७६५३२१४.५६		
				६	वित्तीय व्यवस्था प्राप्ति			विविध खर्च खाता	९७६५९८३.७०		
					क) ऋण प्राप्ति			प्रकोप व्यवस्थापन कोष खाता	६५८५०८४.६३		
					ख) साँवा प्राप्ति			विभाज्य कोष	६५८०९०७.४५		
					ग) ब्याज प्राप्ति			धरौटी खाता	२१०८०४९४.६८		
					घ) अन्य प्राप्ति						
				७	विभिन्न कोषतर्फको आय	४०२५८७३१.७१	१२	अन्य विविध खर्च			
				८	जनसहभागिता (नगद)	३०५३७०९९.५५		सामाजिक सुरक्षा खर्च	५१४०२४२०१		
				९	विविध खर्चखाता आय	५१६६३८८९.३		गरिवसँग विश्वेश्वर खर्च	६७३०००		
					विभाज्य कोष	४२५७२४४७.६८		प्रशासकिय भवन खर्च	१००००००००		
					प्रकोष कोष	१४७१४६५४.६३		स्वच्छ वातावरण उद्ध्यान खर्च	१३११६६३		
				१०	धरौंटी आय	२६८७३७७४.४९					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				११	लगानीको साँवा फिर्ता						
				१२	अन्य विविध आय	५३२१६८८६१.५३					
					जम्मा	२९७६४२४७६३.६२		जम्मा	२९७६४२४७६३.६२		
२			**परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घोराही उप महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस उप महानगरपालिकाको उद्धेश्य रहेको छ । यस उप-महानगरपालिका अन्तर्गत १९ वडा, ९ सभा सदस्य, ५२२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५ हजार परिवार र १५६००० जनसंख्या रहेको छ ।								
३			**लेखापरीक्षण-** लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।१०।२२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :								
४			**लेखापरीक्षणको क्रममा असुल-** लेखापरीक्षणको क्रममा औल्याए पश्चात विभिन्न भत्ता वापत रू.११०५०० असुल भई बैंक दाखिला भएको छ ।								
५			**वित्तीय विवरण परीक्षण-यसमा निम्न व्यहोरा देखिएको छ -**								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस उप महानगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
५.२			**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.८५८९७५१६७.०४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३३८२२५२७२.५५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८२५१५२६३९.४९ घटि जिम्मेवारी सरेको सम्बन्धमा उप-महानगरले गत आ.व.को सामाजिक सुरक्षा खर्च, गरिवसँग विश्वेश्वर खर्च, स्वच्छ वातावरण उद्ध्यान खर्चलाई समेत मौज्दातमा जोडि गत आ.व.को प्रतिवेदनमा जारी भएकाले जिम्मेवारी फरक परेको एकिन गरेको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.३</td><td></td><td></td><td>बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरेको छ ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु</td><td>०</td><td>६३३७४५९.७२</td><td>६३३७४५९.७२</td></tr>
<tr><td>२</td><td>पूजिगत</td><td>१५०००००</td><td>१०२४६९६४.६</td><td>९७४६९६४.६</td></tr>
<tr><td>३</td><td>विभाज्य कोष</td><td>६५७९८४९.५५</td><td>६५८०९०७.४५</td><td>१०५७.९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८०७९८४९</td><td>२३१६५३३१.७७</td><td>१६०८५४८२.२२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली- यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• उप महानगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा , पुजीगत खर्च खातामा र विभाज्यकोषमा मौज्दात राखेको र श्रावणमा संचितकोष ट्रान्सफर गरेको पाईयो ।

• उप महानगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै उप महानगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा उप महानगरपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • उप महानगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा.नं.५०६ र ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन १०७४ को दफा ७२(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार उप महानगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३०८२१५३५७.५४ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ उप महानगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.२			**बेरुजु लगतका -** उप-महानगरपालिकाले बेरुजु लगतको लागि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फारामको अभिलेख राखेको छैन् । तोकिएको म.ले.प. फारमगरुको प्रयोग गर्नुपर्दछ । म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख	
६.३			**इन्धन खर्चः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु.१ करोड ५६ लाख विनियोजन गरेकोमा रु.१,५६,००,०००। खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन् ।ईन्धन खर्च सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गरि खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.४			**सवारी मर्मत खर्चः** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.७९९९९६२ खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।	
६.५			**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०७७ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु.६१४५००० भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्बेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु उप महानगरपालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्बेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७			**बजेट तथा कार्यक्रम - यसमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
७.१			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यउप महानगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८।०३।१० गते रु २ अर्ब ३३ करोड ३४ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.२			**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । **खर्च बिश्लेषणः** उप महानगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१६९१३८६३२.१५, राजस्व बाँडफाँडबाट रु.४८०६९६४००.०३ र अनुदानबाट रु.१२४९५७५००० समेत रु.१८९९४१००३२.१८ आम्दानी भएकोमा चालु तर्फ रु.१०४५२६७०३१.०६, पूँजिगत तर्फ रु-७९७९३३९६९.३१ समेत रु.२६४८११४४६१.७८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.३८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.२३६२१००० खर्च भएको छ जुन आन्तरिक आयको १३.९६ प्रतिशत रहेको छ । उप महानगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५ प्रतिशत चालु र ४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट उप महानगरपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
७.३			**रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । उप-महानगर पालिकाले यसबर्ष हिउदे सभाबाट रु. २२९२४५००० विभिन्न शिर्षकमा रकमान्तर गरेको छ ।बजेट र योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न रकमान्तर गरि योजना शंसोधन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
७.४			**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७८÷७९ को अध्ययन गर्दा उप महानगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । उप महानगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । रु १ लाख सम्म: ५१५ ; रु १ लाख देखि २ लाखसम्म: ३२९ ; रु २ लाखदेखि ५ लाखसम्मका: ३०५ ; रु ५लाख देखि १० लाखसम्मका: १५१ ; रु १० लाखभन्दा बढीको: २४५ ; जम्मा: १५४५ उपरोक्त विवरण अनुसार उप महानगरपालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख बढिको जम्मा १५४५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५१५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
५१५	३२९	३०५	१५१	२४५	१५४५

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.५			**लक्ष्य प्रगति :** यस बर्ष पालिकाले सञ्चालन गरेका स्थानीय स्तरका कुल १५४५ कार्यक्रममा १६ योजनामा शुन्य प्रगती भएको विवरण पेश भएको छ । तोकिए बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।	

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	१५४५	१६	१५	११	१५०३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.६			**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.स.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रकम रु.हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१.	आन्तरिक	११०२८८३	१४८३५९	२२५२५१	७२९२७२	३३७२३०
२.	संघअनुदान	६८७१४६	१५०९७७	१५२६२०	३८३५४८	२२५५३
३.	प्रदेशअनुदान	५३१७१	०	१२२०७	४०९६३	२५५७८
	जम्मा	१८४३२००	२९९३३६	३९००७८	११५३७८३	३८५३६१
	प्रतिशत	१००	१६.२४	२१.१७	६२.५९	२०.९१

उप महानगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक पूँजिगत खर्च रु.१ अर्ब ८४ करोड ३२ लाख भएकोमा प्रथम चौमासिकमा रु.२९ करोड ९३ लाख ३६ हजार अर्थात १६.२४ प्रतिशत, दोश्रो चौमासिकमा रु.३९ करोड ७८ हजार अर्थात २१.१७ प्रतिशत र तेश्रो चौमासिकमा रु.१ अर्ब १५ करोड ३७ लाख ८३ जहार अर्थात ६२.५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३८ करोड ५३ लाख ६१ हजार अर्थात २०.९१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस उप महानगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत
जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१०९१७२०००</td><td>७५२७०६४८</td><td>४.०८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>८३०९१८१६६</td><td>५७८६७४५२१</td><td>३१.३९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>९२२४८५३००</td><td>८०१०८०७०२</td><td>४३.४६</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>३४४०००००</td><td>१२३९६४१४</td><td>०.६७</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>६४३३७२००</td><td>३९७६४२३१</td><td>२.१५</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>३७२११२३३४</td><td>३३६०१४४८१</td><td>१८.२५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३३३४२५०००</td><td>१८४३२०१०००</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४३.४६ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.६७ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन र खर्च हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.८</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस अनुसार गरेको छैन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन- यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । उप महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २४९ जना पदपूर्ती जसमध्ये करार मार्फत ६३ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशाकीय अधिकृत सहित, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा उप महानगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो स्थायी पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
८.२			**तलवि प्रतिवेदन पारित नगरेको** -निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३०८२१५३५७.५४ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवि प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्दछ ।	
८.३			**कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर उपमहानगरपालिकाले विभिन्न पदमा ८१ जना कर्मचारीहरू करारमा राखि रु.५११९९९९९ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक विभिन्न ६ पदमा ६० नियुक्ति गरि वर्षभरीमा रु २८०९६८६० भुक्तानी गरेको अनियमित देखिएको रु	२८,०९६,८६०
८.४			**कर्मचारी कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को कार्यान्वियन भएको देखिएन । उप महानगरपालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१७५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.५			**अतिरिक्त समय भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था । उप महानगरपालिकाले यसवर्ष कर्मचारीलाइ अतिरिक्त काम गरेवापत सरसफाइ तथा प्रशासनिक कर्मचारीलाइ भत्ता वापत रु २०३७८१५ खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । **स्थानीय कर्मचारीको तह तथा ग्रेड वृद्धिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था छ । साथै दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ ।अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको २०७८ साउन १ गतेदेखि लागु तलबमान अनुसार तलब भुक्तानी हुनुपर्दछ । प्रदेश लोक सेवा आयोग(आधार र मापदण्ड निर्धारण) ऐन २०७५ को दफा १० को उपदफा (२) को (ख) र (ग) तथा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ को उपदफा (३) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा र त्यस्तो सेवाको पदमा नियुक्ति वढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भएको र प्रदेश लोक सेवा आयोग ऐन २०७६ को ४२ को उपदफा (१) मा संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कारबाही भए गरेमा त्यस्तो काम कारवाही बदर गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले कानून निर्माण गर्दा आयोगको परामर्श लिएर कानून निर्माण गरेको देखिएन । पालिकाले स्थानीय निकायका कर्मचारीहरुको तह कृद्धि सम्बन्धी कार्यविधि २०७८ जारि गरि यसवर्ष ५९ जना कर्मचारीको तह तथा ग्रेड वृद्धि गरि तलब भत्ता भुक्तानी गरेको छ । कर्मचारीको तह तथा ग्रेड वृद्धि गर्दा वार्षिक रु ९९८३७० व्ययभार परेको देखिन्छ ।अतःकर्मचारीको तह तथा स्तर वृद्धि गर्दा प्रदेश लोक सेवा आयोगको सहमती बेगर स्तर वृद्धि गरेको रु.	९९८,३७०
९			**कानून निर्माण एवं कार्यान्वियन - यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.१			**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस उप महानगरपालिकाले हालसम्म १४ वटा ऐन, ३ वटा नियमावली, ५९ कार्यविधि, ३ निर्देशिका र ५ नर्म्स लगायत ८४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । आवश्यकता अनुसार कानून निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।	
९.२			**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १०५ र यो बर्ष थप भएको १५० गरी कुल २५५ विवाद दर्ता भएकोमा २३४ वटा मात्र फछ्र्यौट भई २१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०			**अनुदान फिर्ता, वितरण र उपयोगः- यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.१			**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहवाट विगतमा संचालित कार्यक्रमहरुको प्रभावकारीता मुल्याङ्कन समेत का आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नु पर्ने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्रमहरुको प्रभावकारीता का लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवश्यक व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकावाट निम्न कार्यक्रम अन्तर्गत विभिन्न संस्था समुहलाई कार्यक्रम संचालन अनुदान उपलब्ध गराएकोमा सो को अनुगमन गरेको छैन ।उदेश्य अनुरुप कार्य सम्पादन भए नभएको सम्बन्धमा पालिकाबाट निरन्तर अनुगमन हुनुपर्दछ ।	

गो. भौ. नं. र मिति	कार्यक्रम	अनुदान पाउनेको नाम	भुक्तानी रकम
३६८-०७९/०१/१४	लसुन खेती पकेट कार्यक्रम	सिर्जनशिल कृषि समूह	२९१४०३
३८२-०७९/०२/०९	आलु खेती उत्पादन पकेट कार्यक्रम	लाली गुरासँ आलु खेती उत्पादन पकेट सञ्चालक समिति	२८९८६१
४६१-०७९/०३/०७	मकै वाली उत्पादन कार्यक्रम	परिवर्तन दलित महिला पकेट सञ्चालक समिति	२८९९८५
४८५-०७९/०३/१३	मकै वाली उत्पादन कार्यक्रम	लेकवेशी कृषि समुह मकै वाली पकेट सञ्चालक समिति	२९०२१०
४८७-०७९/०३/१३	मकै वाली उत्पादन कार्यक्रम	उद्यमी वहुउद्देश्यीय कृषि समहु मकै पकेट सञ्चालक समिति	२८९५५९
४८८-०७९/०३/०३	मकै वाली उत्पादन कार्यक्रम	जनउत्थान कृषि समुह मकै पकेट सञ्चालक समिति	२८९४७९
४९१-०७९/०३/१३	खुर्सानी खेती कार्यक्रम	दलित महिला कृषि पकेट सञ्चालक समिति	२८९६२१
४९४-०७९/०३/१३	टमाटर खेती कार्यक्रम	हरियाली टमाटर खेती पकेट संचालन समिति	२९१२३८
		जम्मा	**२३२१३५६**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.२			**नाफामूलक संस्थालाइ संचालन खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्रम तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्रममा खर्च गर्नु पर्नेमा नाफाको उद्देश्यले संचालन हुने संस्थाको संचालन खर्च गरेको छ । यसवाट विकास निर्माणमा खर्च हुने बजेट नाफा मूलक संस्थाको हितको लागि खर्च गरेको देखिएकोले नाफामूलक संस्थालाइ संचालन खर्च व्यहोरे नियमसंगत नदेखिएको खर्च रु	२,३३८,०५९

गौ.भो.न.मिति	संस्थाको नाम	काम	रकम
४९०।०७८।८।६	वाल शान्ति गृह	संचालन खर्च	५००००
१४४५।०७८।१२।३	अपाङ्ग मानव अधिकार सरोकार मञ्च	संचालन खर्च	२०००००
२०९७।०७९।२।११	धर्ना साना किसान कृषि सहकारी संस्था लि	सहकारी भवन निर्माण	१४५७२५
२२०६।०७९।२।१८	राष्ट्र सेवाक सहकारी संस्था	भवन वाल निर्माण	१४५७२५
२३१२।०७९।२।३०	प्रेरणाका लागि अभियान नेपाल	भवन निर्माण	५०००००
२३३८।०७९।२।३१	नेपाल पत्रकार महासंघ	विकास अनुदान	५०००००
३००५।०७९।३।२५	नारायणपुर उद्योग वाणिज्य संघ	भवन निर्माण	३४६६०९
		जम्मा	**२३३८०५९**

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>अनुत्पादक खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा नमुना छनौट गरि परीक्षण गरिएकोमा यस उप महानगरपालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. ७४३५०० खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानीको विवरण</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>अजिमा गुठी</td><td>सहयोग</td><td>९५०००</td></tr>
<tr><td>२.</td><td>रासि साहित्य प्रतिष्ठान</td><td>सहयोग</td><td>१५००००</td></tr>
<tr><td>३.</td><td>२२२७।०७९।२२३</td><td>खाद्य सुरक्षा एंव खिर पकाउने तालिम</td><td>४८५००</td></tr>
<tr><td>४.</td><td>२५६२।०७९।३।१२</td><td>टोल बिकास संस्था बैठक, नास्ता तथा विविध सामग्री खरिद</td><td>१०००००</td></tr>
<tr><td>५.</td><td>१८६९।०७९।१।८</td><td>अध्ययन अवलोकन भ्रमण</td><td>१५००००</td></tr>
<tr><td>६.</td><td>१८७२।०७९।१।८</td><td>कृषि अध्ययन भ्रमण</td><td>१०००००</td></tr>
<tr><td>७.</td><td>३०३२।०७९।३।३१</td><td>व्यवसायिक बाख्रा पालन फर्म विकास कार्यक्रम तथा अवलोकन भ्रमण</td><td>१०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७४३५००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.४			**सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार उप महानगरपालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ५४७६९९.२७ तथा २ थान चार पांग्रे सवारी साधन खरिदमा रु.९३६७२५६.६४ बजेटबाट खर्च गरेको छ । उप-महानगरले आफ्नो आन्तरिक स्रोतबाट सवारी साधन खरिद नगरि संघिय समानिकरण अनुदानको रकम बाट सवारी साधन खरिद गरेको अनियमित देखिएको रु. सि.नं | सवारी साधन | संख्या | रकम **१** | **मोटरसाइकल** | 2 | ५४७६९९.२७ २ | कार/जीप | 2 | ९३६७२५६.६४ | **जम्मा** | ४ | ९९१४९५५.९१	९,९१४,९५५.९१
१०.५			**अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७९ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ रु. १०२९८०६५१.०९ र प्रदेश सरकार तर्फ रु. १४७५५९१३२.०९ मिति २०७९-०३-३२ मा फिर्ता गरेको छ ।	
११			**आर्थिक सहायता र अन्य विविध खर्च - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
११.१			**विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर उप महानगरपालिकाले यसवर्ष अन्य विविध र विभिन्न निर्माण सम्वन्धि योजनाको विविध खर्च तर्फ मात्र रु. ७२०३००० खर्च गरेको छ । विविध खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.२			**आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर उप महानगरपालिकाले यस वर्ष आगलागी पिडित, बाढी पहिरो पिडित,दिर्घकालीन रोग बाट पिडित लगायतको आर्थिक सहायता वापत रु.४८१७००० वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१२			**सम्पत्ति उपयोग र संरक्षण- यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छन्**	
१२.१			**खरिद कार्यको अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।	
१२.२			**वडा कार्यालयवाट खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा यस बर्ष वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापन तर्फ १९ वटा वडाहरुमा रु.१० लाखको दरले रु.१ करोड ९० लाख विनियोजन भएको बजेट भई खर्च भएको देखिन्छ । वडा खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।	

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको उप महानगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । उप महानगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ उप महानगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण - यसमा देखिएका व्यहोरा निम्नानुसार छन् -</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>असुली गर्न बाँकी सटर भाडा – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यसवर्ष बन्दोबस्त गरेको सटर भाडा सम्झौतामा देहायअनुसार रु. ७२१६० असुल गर्ने बाँकी रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>व्यवसायीको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>१.</td><td>बिमलकुमार</td><td>सटरभाडा</td><td>५४१२०</td><td>१८०४०</td><td>३६०८०</td></tr>
<tr><td>२.</td><td>अनुराधाकुमारीकसोधन</td><td>सटरभाडा</td><td>५४१२०</td><td>१८०४०</td><td>३६०८०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०८२४०</td><td>३६०८०</td><td>७२१६०</td></tr>
</table>
तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.</td><td>७२,१६०</td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उप महानगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । उप महानगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर, घरजग्गा वहाल कर, वहाल विरौटी शुल्क वापत अनुमानित रु. ४९४००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ६८१८३७३५.९६ अर्थात अनुमान भन्दा ३८.०२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>आय ठेक्काः कार्यालयले तयार गरेको विवरण अनुसार नगरपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार रु.१४०७२४५५ ठेक्का र विज्ञापन करको</td><td>१,३२५,३५७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आय ठेक्का बन्दोवस्त गरी रु.१४०७२४५५ आन्तरिक आय असुल गरेको देखियो । पालिकाले उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खनन् गरि बिक्रि वितरण गरेको परिमाणको अभिलेख निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खनन् परिमाणको विश्लेषण गर्न सकिएन ।	

ठेक्का नं.	ब्यवसायीको नाम	कबोल अंक (मू.अ.कर बाहेक)	दाखिला रकम (मू.अ.कर बाहेक)	दाखिला मु. अ. कर रु
RIVERBED/GSMC/02/078/079	हरिततारा कन्स्ट्रक्सन	५१९०००	५१९०००	६७४७०
RIVERBED/GSMC/04/078/079	रोक्का बिल्डर्स	९५४२२२	९५४२२२	१२४०५०
RIVERBED/GSMC/06/078/079	सोहन निर्माण सेवा	१६८००००	१६८००००	२१८४००
RIVERBED/GSMC/07/078/079	रोल्पा निर्माण सेवा	३८७७४१६	३८७७४१६	५११०१०
RIVERBED/GSMC/08/078/079	रोल्पा निर्माण सेवा	३५०४५८१	३५०४५८१	४५५५९६
RIVERBED/GSMC/14/078/079	ड्रिम बिल्ड इन्जिनियरिङ्ग कन्स्ल्टेन्सी एण्ड कन्स्ल्ट्यान्ट	११२५०७५	११२५०७५	१४६२६०
RIVERBED/GSMC/15/078/079	एस आई पि निर्माण सेवा	१७७५०००	१७७५०००	२३०७५०
RIVERBED/GSMC/35/078/079	ड्रिम बिल्ड इन्जिनियरिङ्ग कन्स्ल्टेन्सी एण्ड कन्स्ल्ट्यान्ट	६३७१६१	६३७१६१	८२८३१
	दुवैको जम्मा रु	१४०७२४५५	१४०७२४५५	१८३६३६७

उल्लिखित अनुसार नदिजन्य पदार्थ तथा विज्ञापन कर असुलीको ठेक्का बन्दोवस्त गरि राजश्व असुली गरेकोमा निम्न व्यहोराहरु देखिएका छन् ।

क)दाखिला समय र जरिवानः नदिजन्य पदार्थको उल्लेखित आय ठेक्का सम्झौता अनुसार राजश्व रकम पहिलो किस्ता ६० प्रतिशत सम्झौताका बखत दाखिला गर्नु पर्ने र दोश्रो किस्ता बाँकी ४० प्रतिशत २०७९ बैशाख मशान्तसम्ममा दाखिला गरिसक्नु पर्ने व्यवसथा छ । नदिजन्य पदार्थको ठेक्का पाउने उल्लिखत ५ व्यवसायीहरुले पहिलो किस्ता सम्झौताको व्यवस्था बमोजिम दाखिला गरेको तर दोश्रो किस्ता सम्झौतामा तोकिएको अवधिमा दाखिला नगरि २०७९ आषाढ अन्तिम साता दाखिला गरेको देखियो । कार्यालयले आय ठेक्का पाउने व्यवसायीहरुसंग निर्धारित समयमा दाखिला गर्न ताकेता नगरेकोले सम्झौतामा तोकिएको समय भन्दा पछाडी दाखिला गरेका छन् । आय ठेक्का सम्झौतामा किस्ता ढिला बुझाएमा थप जरिवाना लाग्ने व्यवस्था नगरेकोले ब्यवसायीहरुबाट जरिवाना समेत असुल गरेको छैन । अतः आय ठेक्का सम्झौता गर्दा तोकिएको समयमा राजश्व नबुझाएमा जरिवाना लाग्ने व्यवस्था समेत शर्तको रुपमा राखि सुधार गरिनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ख)मु.अ.कर दाखिलाः मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । त्यस अनुसार विज्ञापन करको आय ठेक्का र नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर (भ्याट) तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने ब्यवस्था गरेको छ । तर आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरि कार्यालयले स्थानिय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मुल्य अभिबृद्धि कर निर्माण व्यवसायीले आफ्नै नामबाट दाखिला गरेको देखियो । मु.अ.कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट गर्ने संकलन गरि दाखिला गर्ने राजश्व शीर्षक न ३३३१७ को खातामा जम्मा गर्नुपर्नेमा माथि उल्लेखित मू.अ.कर रकम रु.१८३६३६७ मध्ये ठेक्का नं.RIVERBED/GSMC/07/078/079 रोल्पा निर्माण सेवाको मू.अ.कर रु.५११०१० उप-महानगरपालिकाले आफ्नै नामबाट राजस्व शिर्षक नं. ३३३१७ मा जम्मा गरेको र अन्य निर्माण व्यवसायीको मू.अ.कर. रु.१३२५३५७ राजस्व शिर्षक नं.३३३१४ मा जम्मा गरेको,राजस्व शिर्षक नं. केरमेट गरेको, सम्बन्धित व्यवसायीले आफ्नै नामबाट व्यवसायीको सम्पर्क मोबाइल नं. तथा भ्याट नं. उल्लेख गरी राजश्व शीर्षकमा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुन गएको देखियो । अत: उल्लिखित बमोजिमको मू.अ.कर रकम पालिकाले एकिन गरेर असुल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.	
१३.४			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले उप महानगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । उप महानगरपालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रिय अनुदानबाट खर्च / आन्तरिक आय / आन्तरिक आय प्रतिशत १०००००००००० / २२००००००० / २२% उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २२ प्रतिशत मात्र रहेको छ । त्यसैले उप महानगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१००००००००००	२२०००००००	२२%

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>२७५०००००</td><td>३३७०११०४.७०</td><td>१२२.५४%</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०३०००००</td><td>२००२८३०६.१५</td><td>१९४.४४%</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१००००००००</td><td>११३९१९४३.११</td><td>११३.९१%</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>१६०००००</td><td>३०६२३८२.००</td><td>१९१.३७%</td></tr>
<tr><td>जम्मा</td><td>४९४०००००</td><td>६८१८३७३५.९६</td><td>१३८.०२%</td></tr>
</table>

उप महानगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

क) व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा उप महानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष उप महानगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.११३९१९४३.११ कर संकलन गरेकोमा उप महानगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट उप महानगरपालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ उप महानगरपालिकाले आपmनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.६			**क) राजश्व अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । उप महानगरपालिकाले पालिका केन्द्र र १९ वटा वडाबाट रु.१९१३७३५२१.४५ सफ्टवयर मार्फत राजस्व संकलन गरेको विवरण पेश गरेकोमा सोको पुरा अभिलेख उप महानगरपालिकामा आएको देखिएन । अतः कार्यलयले आगामी दिनमा राजस्व नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत थप ब्यवस्थापन गर्न विशेष ध्यान पु¥याउनुपर्ने देखियो । **ख)राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । उप महानगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले एकिन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
१४			**शिक्षा तर्फ - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
१४.१			**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । कुल ९२ विद्यालयमा ७२७ जना शिक्षकको दरबन्दि रहेकोमा ५८ करार सहित ७२५ दरबन्दी पदपुर्ती भएको छ । उक्त विद्यालयहरुमा विद्यार्थीको संङ्ख्या २८३४३ रहेको छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।	
१४.२			**निजी विद्यालय व्यवस्थापन-** स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन। निजी विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।	
१४.३			**विद्यालयगत निकासा खाता -** उप-महानगर पालिकाले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दछ।	
१४.४			**सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर**-उप-महानगर पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम कार्य भए नभएको अनुगमन गर्ने, सोको प्रतिवेदन तयार गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन। सार्वजनिक विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।	
१५			**कोभिड परीक्षणसूचि -तस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५.१			**जोखिम आंकलन र पूर्व तयारी:-** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।	
१५.२			**आम्दानी र खर्चको विवरणः** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी २०७९ असार मसान्त संघिय सचितकोषबाट रु.३०५८००० र स्थानीय तहको आफ्नै बजेटबाट रु.१३६००००० समेत रु.१६८५८००० आम्दानी गरेकोमा राहत वितरणमा रु.६८८५०००,जनशक्ति परिचालनमा रु.२५८३०००, औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिदमा रु.३७८००० र अन्य शिर्षकमा रु.९९००० समेत जम्मा रु.९९४५००० खर्च गरि रू.६९१३००० मौज्दात रहेको विवरण पेश गरेको छ ।	
१५.३			**नगद राहत वितरण** – उप महानगरले कोरोना भाईरसको संक्रमणको कारण मृत्यु भएका घर परिवारलाई रु.५०००० दरले नगद राहत उपलब्ध वापत रु. ६८८५००० खर्च लेखेको विवरण पेश गरेको छ । राहत प्राप्त गर्ने व्यक्ति वास्तविक पीडित हो वा होइन एकिन हुनुपर्दछ ।	
१६			**प्रकोप व्यबस्थापन तर्फ - यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
१६.१			**कार्य योजनाः** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २९ जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली २०७६ को नियम ८ मा स्थानीय विपद् व्यवस्थापन, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट र कार्यकारी र कर्तव्य र अधिकार परिषद, समितिको काम स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद् पूर्व सवै पक्षको समन्वय र संलग्न गराउने, बजेट विनियोजन गर्ने, लगाउने। प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने समिति गठन गर्ने, तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, नगरेको अनुगमन गर्ने सहितको कार्ययोजना तयारी, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम, घरपरिवारको पहिचान गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गराउनु पर्दछ।	
१६.२			**वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१७			**पेश्की व्यवस्थापन- यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्-**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.१			**एकमुष्ठ पेश्की –** उप-महानगरले निर्माण कार्यको पेश्की भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लेख भएको किस्ता र परिमाणमा पेश्की दिनुपर्दछ । उप-महानगरले खरिद सम्झौताको SCC को GCC 57.1 मा पेश्की रकम अधिकतम शुरु सम्झौताको १० प्रतिशत ५-५ प्रतिशतका दरले दुई किस्तामा दिन सक्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको निर्माण सेवालाइ पेश्की दिँदा सम्झौताको शर्त विपरित एकमुष्ठ दश प्रतिशत पेश्की दिएको छ । सम्झौताको शर्तको पालना हुनुपर्दछ ।	

ठेक्का नं.।	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता रकम	प्राप्त गरेको पेश्की रु.	प्राप्त गर्नुपर्ने पेश्की	बढि पेश्की रु.
GSMC/09/78-79	गोल्ड फिस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन	सिमलतारा विद्यालय भवन निर्माण	५४४१६३६	४३००००	२१५०००	२१५००००
GSMC/03/78-79	बराहक्षेत्र हरी तारा कन्स्ट्रक्सन जे.भी.	खिरीटिया देखि ६ नं.वडा कार्यालय सम्म सडक पिच	७०८७००२	७०८५००	३५४२५०	३५४२५०
GSMC/02/78-79	पुष्पाञ्जली पि.एस.जे.भी.	घोराही चोक देखि गुलरिया पार्क सम्म सडक पिच	२०४३६६०१	२००००००	१००००००	१०००००००
GSMC/08/78-79	आर.डि.हाम्रो जे.भी.	सर्रा जोड्ने सडक र कटुवा खोला संखेपिपल देखि १८ नं. वडा कार्यालय पिच	३०२५५२४३	३००००००	१५०००००	१५०००००
		जम्मा	**६३२२०४८२**	**६१३८५००**	**३०६९२५०**	**३०६९२५०**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.२			**विद्युत प्राधिकरणलाई पेश्की -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले विद्युत प्राधिकरणलाई निम्नकार्यको लागि रु.७४४९०१३ पेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेको छ । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	७,४४८,९८३

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम
१.	३९०।०७८/१२/१०	वडा नं १८ मा विद्युत जडान एवम् विस्तार	७९६४८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			२	४८१।०७८/१२/१७	गुलरीया ड्यामसम्म थ्रि फेस लाइन विस्तार	९९६०३९	
			३	५०१।०७८/१२/२०	वडा नं ११ चाघुमा डिपवोरिङको विद्युतीकरण	४००३७४	
			४	५३८।-०७८/१२/२२	वनगाउँ डिपवोरिङ विद्युतीकरण	३२४१७०	
			५	७०५।-०७९/०१/०८	लमडरुवा लिफ्ट सिचाई विद्युतीकरण	३०५३७४	
			६	८८२-।०७९/०२/१२	कर्मटीया डिपवोरीङ विद्युतीकरण	३४०८९६	
			७	९४५-।०७९/०२/१९	वुटनिया डिपवोरीङ विद्युतीकरण	३३२५९१	
			८	११३५-।०७९/०३/०६	वडा नं १४ कपासी ट्रान्सफर्मर जडान	४९८७०१	
			९.	११८५। २०७८-११-०५	वडा नं.८को बनगाँउ टोलमा पोल सार्ने योजना	१११९१४	
			१०.	३३५।२०७८-१२-०१	कट्रुकीमा रहेको वोरींग सिंचाईका लागि विद्युत पोल र तार	४९७६७१	
			११.	५२०।२०७८-१२-२१	सयपत्री टोल देवेन्द्र देउवंशीको घरनेर घोराही तुलसीपुर सडकको उत्तर तर्फ शिला शाहनीको घरसम्म सडक स्तरउन्नती	७५९८८	
			१२.	६८३।२०७९-०१-०७	कप्सेरीमा डिपबोरिङ	५११४२९	
			१३.	७८३।२०७९-०१-१६	बबई रामघाटमा लिफ्ट सिंचाई	२६०३२४	
			१४.	९८२।२०७९-०३-२३	बुटनिया डिपबोरिङ अधुरो	४९८८१४	
			१५.	१४८६। २०७९-०३-१९	लख्वार झिङनेवाको घरदेखि तल गनारमा डिप बोरिङ	५०००००	
			१६.	१५४९। २०७९-०३-२०	पक्वैमा डिप बोरिङ निर्माण अधुरो	४९८८९६	
			१७.	१५९४।	जंगखोली ड्याममा लाइन विस्तार तथा ट्रान्सफर्मर जडान	४९९३४७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७९-०३-२१	
			जम्मा ७४४८९८३	
१७.३			**पेश्की बाँकि -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले निम्न फर्महरुलाई रु. १५९४१५०० पेश्की दिएकोमा सो पेश्की नियम ५२ अनुसार मोविलाइजेशन रु. १५४११५०० म्याद ननाघेको र व्यक्तिगत पेश्की रु. ५३०००० म्याद नाघेको छ। तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्नुपर्ने रु.	५३०,०००

गो.भौ.नं.। मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	रकम	कैफियत
३१०। २०७८-०७-०३	उपप्रमुख आमा सुरक्षा खत्रुक्के बचत कार्यक्रम	उमा के.सी.	३०० ००	व्यक्तिगत पेश्की
१६९५। २०७८-१२-२२	फोहरमैला सम्बन्धी अनुगमन तथा अवलोकन भ्रमण	नविन विक्रम शाही	५०० ०००	
		जम्मा	**५३० ०००**	
८। २०७८-०५-१८	सडकबोर्ड झोलुङ्गे पुल र अन्यमा म्याचिङ फन्ड	रोयल विल्डर्स	४७५ ०००	मोबिलाई जेशन पेश्की
२३। २०७८-०६-२२	घोराही उपमहानगरपालिकाको प्रशासनिक भवन निर्माण	गौरी पार्वती भुसाल बस्नेत जे भी	६५३ ५०० ०	
३५।	३, ९, ११, १३ वडा कार्यालयहरुको भवन निर्माण	आशमिनि निर्माण सेवा	३२५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			२०७८-०७-१५			०००		
			८५। २०७८-०९-०४	३, ९, ११, १३ वडा कार्यालयहरुको भवन निर्माण	गोल्डेन फिस कन्स्ट्रक्सन कम्पनि प्रा.लि.	७१७ ०००		
			८। २०७८-११-०८	खैरा कोठरी सडक पिच वार्ड नं ९	रोयल विल्डर्स	४५० ०००		
			११। २०७८-११-०९	खिरिटिया देखि ६ नै वडा कार्यालय सम्म सडक पिच वार्ड नं ६	श्री वराहक्षेत्र हरी तारा कन्स्ट्रक्सन जे भी	७०८ ५००		
			१२। २०७८-११-२५	घोराही चोकदेखि गुलरिया पार्कसम्म सडक पिच वार्ड नं १५ र १७	पुष्पाञ्जली पि एस जे भी	२०० ००० ०		
			३४। २०७८-१२-०३	सिमलतारा विद्यालय, बाल विकास मा।वि। र गोरक्ष रत्नानाथ मा.वि. भवन निर्माण	गोल्डफिस ईन्जिनिएरिङ्ग एण्ड कन्सट्रक्सन प्रा लि	१८० ०००		
			३८९। २०७८-१२-१०	खिरिटिया, लखुवार, खैरागनार, कप्तानचोक हुँदै डाँगीगाउँसम्म सडक पिच (प्रदेश विशेष क्रमागत)	उर्जा कृशभ जे भी	२२१ ०००		
			६६। २०७९-०३-२५	खैरा कोठरी सडक पिच वार्ड नं ९	रोयल विल्डर्स	४५० ०००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१७८२। २०७९-०३-२५	कनर्रे देखि दल्जितपुर सम्म, भैसाही चोक देखि गैरागाउ हुदै सर्रा जोड्ने सडक र कटुवा खोला संखेपिपल देखि १८ न वडा कार्यलय हुदै अम्बिकेशोरी मन्दिर जाने सडक पिच (संघ समपुरक)	आर.डि.हाम्रो (जे.भी.)	३०००००००		
			१८३९। २०७९-०३-२५	स्वास्थ्य संस्था भवन निर्माण क्रमागत तथा नयाँ ९ वडा नं. ५ ,७ , १० र १५	रोयल विल्डर्स	२५००००००		
			८२४। २०७८-०९-११	मदरसा विद्यालय संचालन व्यवस्थापन अनूदान	मदरसा दारुल हुदा अलसलफिया आ.वि.घोराही १४ दाङ	१००००००	संस्थागत	
					जम्मा	१५४११५००		
					कुल जम्मा	**१५९४१५००**		
१८			**पेश्की कट्टा र फिर्ता - यसमा निम्न व्यहोरा देखिएको छ**					
१८.१			**पेश्की फिर्ता** -आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।उप-महानगरले गो.भौ.नं.११८।२०७९-०३-२२(संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम पूजीँगत) बाट खत्री निर्माण सेवाको पेश्की फछ्र्यौट गर्दा फिर्ता गर्नुपर्ने रकम रु.५०००० संघिय संचितकोष दाखिला गर्नुपर्नेमा उप-महानगरको पूँजीगत खातामा फिर्ता गरेकोले उक्त रकम संघिय संचितकोष दाखिला हुनुपर्ने रु.					५०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>पेश्की कट्टा नभएको - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ४ मा सरकारी रकम ख्रच गर्दा खर्चका वील, भरपाई र खर्च पुष्ट्याई गर्ने प्रमाण सहितको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । उप-महानगरले ठेक्का नं. NCB/WORKS/GSMC/24/2077-78(प्रदेश सरकार हस्तान्तरित पूँजिगत) निर्माणका निर्माण व्यवसायी लक्ष्मीपुजा निर्माण तथा मेटेरियल्स सप्लायर्सलाई अन्तिम बिलको भुक्तानी दिदां पेश्की रु.४३५०० कट्टा गरी भुक्तानी दिनु पर्नेमा पेश्की कट्टा नगरी भुक्तानी भएकाले उक्त पेश्की रकम प्रदेश संचितकोष दाखिला हुनुपर्ने रु.</td><td>४३,५००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>धरौटी तर्फ - यसमा निम्न व्यहोरा देखिएको छ -
धरौटी फिर्ता - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२)मा कट्टा गरेको रिटेन्सन मनि आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले धरौटी वापत कट्टा गरेको कर विवरण पेश गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण वेगर निर्माण व्यवसायीलाइ फिर्ता गरेकोमा सोको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो. भौ. नं. र मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>धरौटी फिर्ता रकम</th></tr>
<tr><td>५५-०७८/१२/३०</td><td>विन्दु कन्स्ट्रक्सन कम्पनी</td><td>३०१८३०</td></tr>
<tr><td>५९-०७९/०१/०५</td><td>हरि तारा कन्स्ट्रक्सन</td><td>४२०९०६</td></tr>
<tr><td>६०-०७९/०१/०६</td><td>प्रतिमा निर्माण सेवा</td><td>२१५६०२</td></tr>
<tr><td>१०३-०७९/०२/२४</td><td>राजन निर्माण सेवा</td><td>१२९६१७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०६७९५५</td></tr>
</table></td><td>१,०६७,९५५</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पदाधिकारी बढि सुविधा - यस सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार रहेको छ -</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>प्रेस संयोजक र कानूनी सल्लाहकार– लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिवरसल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद गर्ननहुने उल्लेख छ । तर नगरप्रमुखको प्रेस संयोजक र कानूनी सल्लाहाकार श्री भुपबहादुर के सी र निमवहादुर घर्तिलाइ प्रति महिना रु .२०००० का दरले बार्षिक रु.५४०००० खर्च लेखेको अनियमित रु.</td><td>५४०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>बढि इन्धन सुविधा - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ ।ऐनको दफा ४ को उपदफा २ वमोजिम सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ ।तर पालिकाका पदाधिकारी तथा सदस्यहरूले यातायात सुविधा लिएको अवस्थामा समेत इन्धन वुझेको तथा अनुसूचीमा उल्लेख गरेको भन्दा वढी खर्च गरि भुक्तानी लिएको देखिन्छ ।नियम विपरित दोहोरो भत्ता रु. १४००० र पालिकाले अन्य पदाधिकारीलाइ इन्धन उपलब्ध गराएको सम्बन्धमा एकिन गरि असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>पद</th><th>पदाधिकारीको नाम</th><th>इन्धन(पेट्रोल)</th><th>प्रचलित दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>वडा सदस्य</td><td>केशवराज वि सि</td><td>१८ लि</td><td>१४०</td><td>२५२०</td></tr>
<tr><td>२</td><td>वडा सदस्य</td><td>लक्ष्मण वुढा</td><td>१० लि</td><td>१४०</td><td>१४००</td></tr>
<tr><td>३</td><td>वडा अध्यक्ष</td><td>शक्ति राम डागी</td><td>३२ लि</td><td>१४०</td><td>४४८०</td></tr>
<tr><td>४</td><td>वडा सदस्य</td><td>केशवराज डि सि</td><td>२५ लि</td><td>१४०</td><td>३५००</td></tr>
<tr><td>५</td><td>वडा सदस्य</td><td>चित्र वहादुर डि सि</td><td>१५ लि</td><td>१४०</td><td>२१००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१४०००</td></tr>
</table></td><td>१४,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>पदाधिकारी सुविधा - यस सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार रहेको छ -</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार उप महानगरपालिकाबाट रु. २३६२१००० सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.२			पदाधिकारी अन्य सुविधाः आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल,पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले नगरपालिकाका पदाधिकारीहरुलाई आर्थिक वर्षमा यातायात सुविधा रु. 6720000 टेलिफोन तथा मोवाइल रु. 3780000 पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.2976000 समन्वय तथा सहजिकरणमा रु. 5616000 अतिथि सत्कारमा रु. 1800000 खानेपानी विजुली सरसफाईमा रु. 264000. समेत रु.२११५६००० खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. २११५६००० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
२२			**निजी शिक्षकलाई महंगी भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (६) र (८) अनुसार पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार मालि, बगैँचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । पालीकाले कानुन अनुसार शिक्षकको सेवा करारबाट पदपुर्ति नगरी विभिन्न व्यक्तिसँग करार सम्झौता गरी शिक्षक नियुक्त गरेको छ । करारका शिक्षकलाइ मासिक पारीश्रमिक, चाडपर्व खर्चमात्र उपलव्ध गराउने गरी करार सम्झौता गर्नुपर्दछ तथा अर्थ मन्त्रालयको मिति 2079/01/21 को पत्र संख्या 365-03/078/79 चलानी नं. 1719 को परिपत्रमा विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले महंगी भत्ता उपलब्ध गराउन नसकिने कुरा उल्लेख गरिएको छ । पालिकाले कार्यविधि तथा प्रचलित कानून विपरीत करारका शिक्षकलाइ महङ्गी भत्ता मासीक रु २००० दिने गरी सम्झौता गरेको छ । कानूनी व्यवस्था तथा कार्यविधि विपरीत १६ विद्यालयमा १६ जना करारका शिक्षक नियुक्ति गरि महङ्गी भत्ता रु ३८४००० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	३८४,०००
२३			**अमानतमार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाईजस्ता कार्य अमानतवाट कार्य गराउन वा उपभोक्ता समितिवाट काम गराउन सकिने र यसरी कार्य गर्दा वा गराउंदा कार्यविधिले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष निम्नानुसारको मर्मत कार्य अमानतवाट	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गराएकोमा नियम तथा कार्यविधिको पालना नगरी कर्मचारीहरु मार्फत गराई भुक्तानी दिएको छ । कार्यालयमा कर्मचारीहरुको अभाव भएको तथा कार्यालय बाहिरको निर्माण तथा मर्मत कार्य भएको अवस्थामा उपभोक्ता समितिलाई अमानतमा कार्य नगराई कर्मचारी मार्फत काम गराएको छ । यस्तो खर्चमा लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

भौ.नं. मिति	कामको विवरण	कर्मचारीको नाम	भुक्तानी रकम
७२।२०७९-०३-१२	तारापूञ्ज टोलमा आर.सि.सि. नाला निर्माण	सव इन्जिनियर नरेश विक्रम सुवेदि	३३३८३
१८६१।२०७९-०३-२५	भगवती टोलमा खानेपानीको पाइप लाइन विस्तारको कार्य	इन्जिनियर कमल थापा	९२२२६
१८४३।२०७९-०३-२५	तारजाली तथा फिलिङ्ग कार्य	सव इन्जिनियर गोबिन्द न्यौपाने	५८०००
१६४३।२०७९-०३-२४	वडाको विभिन्न स्थान मर्मत वापत	इन्जिनियर विराज डि.सि.	१०००००
१७१०।२०७९-०३-२४	कनरिया गण्डु घरनेर बाटो मर्मत	इन्जिनियर विराज डि.सि.	८००००
१६७२।२०७९-०३-२४	वडा कार्यालयको मेन गेटमा बाटो निर्माण तथा ट्रष्ट निर्माण	वडा सचिव नारायणप्रसाद आचार्य	९७०००
१५९९।२०७९-०३-२१	इनार निर्माण	सहायक चौथो सरस्वती खड्का	९७०००
१४६५।२०७९-०३-१७	वडा नं.१० का भित्री बाटाहरु मर्मत संभार	इन्जिनियर भिष्म के.सी.	९६८२४
६२-२०७८-०८-१७	वडा नं. ४ सडक मर्मत	गोविन्द न्यौपाने	९९८००
४-२०७८-०५-१६	वडा नं. ४ सडक मर्मत	रणविर बुढा	९७०००
१०९-२०७८/०९/१९	वडा नं. १ सडक मर्मत	नरेश विक्रम सुवेदी	९५३००
६४८-२०७९/०१/१५	वडा नं. १ सडक मर्मत	नरेश विक्रम सुवेदी	९९७२८
१७०४।०७८।१२।२२	वडा कार्यालयमा विरुवा संरक्षण तथा सरसफाई	नारायण प्रसाद शर्मा	२९५१५०
		जम्मा	१३४१४११

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४			**उपभोक्ता समिति मार्फत निर्माण कार्य - यस सम्बन्धमा देहायको व्यहोरा देखिएको छ -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.१			**घोराहि प्रा.वि.देखि भैसाही देखि ओखरा सडक कालोपत्रे उ.स. -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।उप-महानगरले गो.भौ.नं.२२।२०७८-१२-२२ बाट घोराहि प्रा.वि.देखि भैसाही देखि ओखरा सडक कालोपत्रे उ.स.लाई कार्यसम्पन्न अनुसार ल्याब टेस्टको भुक्तानी दिंदा रु.१५००० भुक्तानी दिएकोमा उपभोक्ता समिति मार्फत ल्याब टेस्ट वापत पेश भएको बिजक रु.८०७९ मात्र भएकाले बिजक भन्दा बढि भुक्तानी भएको रकम रु.६९२१ असुल गर्नुपर्ने रु.	६,९२१
२४.२			**उपभोक्ता समितिको वील भरपाईहरुः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा उप-महानगरबाट उपभोक्ता समिती मार्फत संचालित देहायको निर्माणको प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी।बढि परिमाण देखिएकोले उप महानगर पालिकाले सो सम्बन्धमा एकिन गर्नुपर्दछ ।	

गो.भौ.नं.। मिति	उ.स.को नाम	निर्माण सामाग्रीको नाम	नापी किताब अनुसारको परिमाण	खरिद बिल अनुसारको परिमाण	घटि। बढि	नापी अनुसार खरिद सामाग्रीको भुक्तानी रकम रु.
१८०८। २०७९-०३-२५	सब्जीमण्डी देखि रामजानकी टोल जाने सडक पक्की नाला निर्माण उ.स.	फलामे डण्डी	८५८ के.जी.	३६९१ के.जी.	२८३३ के.जी.	९४३८०
१७८५। २०७९-०३-२५	शहरी स्वास्थ्य केन्द्र नेर कल्भर्ट निर्माण (कलमघारी) घोराही १३ दाङ	फलामे डण्डी	२४२६ के.जी.	२८१७ के.जी.	३९१ के.जी.	२६६८६०
१७८८। २०७९-०३-	खुम्वास खानीगाउँ खानेपानी योजना उपभोक्ता समिति	जाली (३*१*१)	४८० ब.मि.	५१८ ब.मि.	३८ ब.मि.	१४९१६०

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			२५							
			१७४७। २०७९-०३-२४	आनन्दपुर टोलको खानेपानीको बोरिङदेखि दक्षिणतर्फ नाला निर्माण उ.स.	फलामे डण्डी	१२०४ के.जी.	१५७९ के.जी.	३७५ के.जी.	१३२६३८	
			१७१९। २०७९-०३-२४	पश्चिम बडहरा ट्रान्सफर्म सम्म नाला निर्माण अधुरो योजनाको उपभोक्ता समिति	फलामे डण्डी	१२०१ के.जी.	१३४२ के.जी.	१४१ के.जी.	१३२११०	
			१७११। २०७९-०३-२४	मिलनचोक टोल विकास अन्तर्गत सबिन प्रियासनको घर नजिको बाटो पक्की उ.स.	फलामे डण्डी	९१५ के.जी.	१३६८ के.जी.	४५३ के.जी.	१००६५०	
			१७१२। २०७९-०३-२४	पश्चिम ट्रान्सफर्म देखि सिमल रुखसम्म नाला निर्माण योजनाको उ.स.	फलामे डण्डी	१३८६ के.जी.	१५३५ के.जी.	१४९ के.जी.	१५२४६०	
			१७०१। २०७९-०३-२४	मनगर ढुङ्गेधारा टोल बिकास संस्था	फलामे डण्डी	४२० के.जी.	१५७१ के.जी.	११५१ के.जी.	४६२००	
			१६८९। २०७९-०३-२४	एकताटोल कटुवाखोला स्यानु चौधरीको घरनेर भच्ना निर्माण उपभोक्ता समिति	फलामे डण्डी	२४९४ के.जी.	२८०४ के.जी.	३१० के.जी.	२७४३४०	
			१६४५। २०७९-०३-२२	पक्कै बगियादेखि बचामा बलिराम भुसालको घरसम्म बाटो स्तरउन्नती उ.स.	फलामे डण्डी	१७५६ के.जी.	२४४७ के.जी.	६९१ के.जी.	१९३१६०	
			१६०८।	विभिन्न संरचना मर्मत उपभोक्ता समिति	ग्रावेल	२४४ घ.मि.	२०० घ.मि.	-४४	३२६२९६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			२०७९-०३-२२					घ.मि.		
			१५९८। २०७९-०३-२१	बडाचौर खानेपानी ट्यांकी निर्माण तथा पाइप विस्तार उ.स.	ग्याबिन प्याकिङ्ग	९ घ.मि.	१५ घ.मि.	६ घ.मि.	२६३५६	
			१५४२। २०७९-०३-२०	भैसहवा सोतामा निर्मित पुरानो कल्भर्ट नया कल्भर्ट निर्माण उ.स.	फलामे डण्डी	३३१२ के.जी.	३५९३ के.जी.	२८१ के.जी.	३६४३२०	
			१४७८। २०७९-०३-१९	बेलन्ने बाँधको सिचाई कुलो १.५ कि.मी पक्की नहर निर्माण उ.स	फलामे डण्डी	३६९६ के.जी.	४२९७ के.जी.	६०१ के.जी.	४०६५६०	
			१४४३। २०७९-०३-१७	रानी जरुवा टोल बिकास संस्थामा बाटो ढलान उ.स	फलामे डण्डी	१६२५ के.जी.	१८६५ के.जी.	२४० के.जी.	१७८७५०	
					जम्मा				२५१७९४४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४.३			**बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।उप-महानगरले गो.भौ.नं.१६६५।२०७९-३-२३ बाट माथिल्लो भञ्ज्याङ्गमा बाध निर्माण उ.स.लाई कार्यसम्पन्न अनुसार आईटम नं.८ मा रहेको जालि खरिदको प्रति घ.मि.जाली रु.३१०.७५ का दरले ४० घ.मि (२*१*१)को रु.१२४३० भुक्तानी दिएको र आईटम नं. ९ मा रहेको उक्त जालिमा ढुङ्गा भर्ने कार्यको लागि प्रति घ.मि. रु.२८२१ का दरले ८ घ.मि. (२*१*१)को रु.२२५६८ भुक्तानी दिएको छ । तर उपभोक्ता समिति मार्फत पेश भएको ग्याबिन जालिको खरिद बिजक अनुसार ३३ घ.मि.को (२*१*१ को ३ वटा जाली) मात्र खरिद भएकोले खरिद कार्यको प्रति घ.मि.रु.३१०.७५ का दरले ७ घ.मि. को रु.२१७५ र जालिमा ढुङ्गा भर्ने कार्यको लागि प्रति घ.मि. रु.२८२१ का दरले २ घ.मि. रु.५६४२ समेत जम्मा रु.७८१७ उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु.	७,८१७
२५			**उपभोक्ता समिति मार्फत जटिल प्राविधिक संरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले डिप बोरिङ्ग , सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम
१.	४१-०७८/०७/१७	सडक कालोपत्रे	११६९४००
२	४२-०७८/०७/२५	सडक कालोपत्रे	१९४९०००
३	४६-०७८/०८/०७	सडक र नाला निर्माण	२९०७५०६
४	१०३-०७८/०९/०७	सडक कालोपत्रे	७७७२००
५	१०५-०७८/०९/०७	सडक कालोपत्रे	१९४९०००
६	१०६-०७८/०९/०७	सडक कालोपत्रे	७८३२००
७	१०८-०७८/०९/०७	सडक कालोपत्रे	१३६४३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				८	१२९-०७८/०९/२७	सडक कालोपत्रे	१४५५५६३		
				९	१६८-०७८/१०/१६	सडक कालोपत्रे	१८६७५८१		
				१०	१९४-०७८/१०/२५	डिप बोरिङ	११६४०२८		
				११	३१९-०७८/११/२६	सडक कालोपत्रे	६८००५०		
				१२	७२२-०७९/०१/११	सडक कालोपत्रे	२१८५५७५		
				१३	८६६-०७९/०२/१०	सडक कालोपत्रे	१६६३९०७		
				१४	८९४-०७९/०२/१३	सडक कालोपत्रे	९६४५०९		
				१५	९००-०७९/०२/१३	सडक कालोपत्रे	१९३७०६८		
						जम्मा	**२२८१७८८७**		
			नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।						
२६			**चारेगाउँ वचाहा हुदै धर्ना जोड्ने सडक निर्माण उपभोक्ता समिति-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उप-महानगरले गौ. भौ.नं. ३५, ०७९।०२।२६, चारेगाउँ वचाहा हुदै धर्ना जोड्ने सडक निर्माण उपभोक्ता समितिलाई विमावापत भनि रु १५००० भुक्तानी भएकोमा उक्त रकम असुल गर्नुपर्ने रु.						१५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**विद्युत पोल तथा कन्डष्टर तार जडान नभएको -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उप-महानगरले ठेक्का नं.NCB/GOODS/GSMC/03/2078-79 को कबोल कर्ता श्री बालाजी ह्युम पाईप तथा विद्युत पोल उद्योग प्रा.लि. बाट P.S.C. विद्युत पोल ९ मि. प्रति पोल रु.५८१३.८५ का दरले ३२१ थान जम्मा रु.१८६६२४५ र ०.०३ कन्डष्टर तार प्रति मिटर रु.४०.६८ का दरले २४००० मि. जम्मा रु.९७६३२० समेत कुल रु.२८४२५६५ (मू.अ.कर सहित)भुक्तानी दिएको छ । उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद र वितरण गरिएका सामानको नापी सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	२,८४२,५६५
२८			**पूर्व तयारी एवम् समन्वय नभई ठेक्का व्यवस्थापन -** सार्वजनिक खरिद ऐनको दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ । संघीय सरकारको नीति अनुसार यस उपमहानगरपालिकामा १५ शैय्याको अस्पताल भवन निर्माणका लागी आ.व. २०७७।७८ मा ठेक्का व्यवस्थापन भई निर्माण व्यवसायी श्री राजेन्द्र निर्माण सेवा सँग २०७८।३।२८ मा रु १०६६०४९०१।१६ मा सम्झौता भई कार्य सम्पन्न गर्ने म्याद २०७९।०८।२९ सम्म रहेको देखियो । उपमहानगरपालिका उक्त कार्यको विस्तृत आयोजना प्रतिवेदन(DPR) तयार एवम् स्वीकृत गरी कार्य सुचारु भएकोमा २०७८।०४।१२ मा मात्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रालय र Nepal Health Sector Support Programme(NHSSP) बाट उक्त DPR को Review भएको हुनुपर्ने र तत्पश्चात मात्र वजेट व्यवस्था गरिने भनि लेखिपठाएकोले सोको कार्य उक्त अवधिमा सुचारु भएको देखिएन । सोहीकारण आ.व. ०७८।०७९ मा वजेट व्यवस्था नभएको र मन्त्रालयबाट २०७९।०५।२६ मा मात्र DPR Review भएको भन्ने पत्र प्राप्त भएको देखियो भने २०७९ पौष महिनामा बजेट व्यवस्था नभएको भन्ने उपमहानगरको भनाई रहेको छ । हालसम्म रु४६९५००० मोबिलाइजेशन पेश्की बाहेक अन्य रकम भुक्तानी नभएको र कार्य अगाडी बढेको देखिएन । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई समयमै सम्पन्न गर्न आवश्यक पूर्व तयारी गरी मात्र ठेक्का व्यवस्थापन गर्न तालुक निकायले ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**न्यून निर्माण कार्य प्रगती-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(३) मा सम्झौतामा उल्लेखित भएको परिमाण बमोजिमको निर्माण कार्य सम्पन्न पश्चात प्राविधिक नापजाँचका अधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । ठे.नं. ९,०७७।०७८, प्रशासनिक भवन निर्माणका लागी उपमहानगरले रु २५२३२०९८६ को लागत अनुमान तयार भई घटि रकम रु २००५९२८५२।२१ कवोलवाला निर्माण व्यवसायी श्री गौरी पार्वती/बस्नेत/भुसाल जे.भी. सँग मिति २०७८।०१।०६ मा सम्झौता भई कार्यसम्पन्न गर्ने म्याद २०८०।०१।३१ सम्म रहेको देखिन्छ । निर्माण व्यवसायीले पेश गरेको work schedule अनुसार पहिलो ५ महिनामा जगको काम सम्पन्न गर्ने, २०७९ कार्तिकमा सम्पूर्ण ढलान र पौष महिना सम्ममा गारो लगाउने कार्य सम्पन्न गरी २०८० जेष्ठ महिनामा भवन हस्तान्तरण गर्ने उल्लेख छ । निर्माण स्थलको अवलोकन गर्दा जगको कार्य समेत सम्पन्न नभएको अवस्था छ । उपमहानगरपालिकाले निर्माण व्यवसायीलाई कार्य सुचारु गर्न पत्राचार गरेतापनि कार्य प्रगति सुचारु हुन सकेको देखिएन । सम्झौतामा भएका शर्त र सार्वजनिक खरिदको कानुनी व्यवस्था अनुसार समयमै कार्य सम्पन्न गर्न गराउन उपमहानगरपालिकाले ध्यान दिनुपर्दछ ।	
३०			**पशु बधशाला निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । ठे.नं. ९।०७७।०७८, वधशाला निर्माण कार्यका निर्माण व्यवसायी श्री रोल्पा निर्माण सेवा सँग रु १४४९३३४९।८० मा कार्य सम्पन्न गर्न २०७६।०१।२९ मा सम्झौता भई शुरु म्याद २०७८।०३।१५ सम्म रहेकोमा दुई पटक म्याद थप समेत अन्तिम म्याद २०८०।०२।१५ सम्म रहेको देखिन्छ । शुरु ठेक्का म्याद करिब २६ महिना रहेकोमा म्याद थप पनि करिब शत प्रतिशत रहेको देखिन्छ । शुरु म्यादकै अवधिमा ठुलो बाढी आएको कार्य स्थल खोला किनारामा रहेको कारण संरचनामा क्षति पुगेको भनि म्याद थप गरेको देखिन्छ । मिति २०७८।०१।१३ मा मुख्य आइटमहरु माटो खन्ने, ढुंगा विछ्याउने, ढलान गर्ने, इटाको गारो लगाउने, कम्पाउण्ड वाल लगाउने जस्ता आइटममा परिमाण थप गर्नुपर्ने भनि शुरु ठेक्का अंकको ५.९६% ले रु ८६३८१३।१२ वृद्धि भई संशोधित ठेक्का अंक रु १५३५७१६२।९२ कायम भएको छ । ठेक्का आह्वान पूर्व साइट सर्वे र आइटमको गणना उपयुक्त तरिकाले हुन नसकेको कारण उक्त अवस्था आईपरेको उप-महानगर पालिकाले जनाएको छ । अत: यस्ता कुरामा उपमहानगरपालिकाले आगामी दिनमा सुधार गर्नुपर्दछ ।	
३१			**नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको -**	८,५९२,७०५

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको सामाग्री खरीद गरि प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन,नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.	

गो.भौ.नं.।मिति	भुक्तानी प्राप्त गर्नेको नाम	खरिद सामाग्री	भुक्तानी रकम रु.
४७९।२०७८-१२-१७	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	२१२०००९
६४६।२०७९-०१-०५	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	४८६१२६
८४९।२०७९-०२-१०	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	४८५६०६
१८१२।२०७९-०३-२५	मालिका कन्स्ट्रक्सन	सिचांई पाईप र भल्भ	४३३०१४
१८१४।२०७९-०३-२५	पब्लिक ईलेक्ट्रिक पसल	विद्युत विस्तार	३९९६१९
१८१७।२०७९-०३-२५	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	३८७२७९
१७७९।२०७९-०३-२५	सुर्योदय मल्टीअपरेशनल ईण्डष्ट्रिज प्रा.लि.	विद्युत पोल तार	४८५२२२
१७७३।२०७९-०३-२५	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	४९८३०१
१७७७।२०७९-०३-२५	सालघारी ड्याममा सोलार पम्प जडान उ.स.	सोलार पम्प	२९१४५०
१७५४।२०७९-०३-२४	सत्यसाई कंक्रिट पोल ईण्डष्ट्रिज प्रा.लि.	विद्युत पोल	५९६४४७
१७५१।२०७९-०३-२४	सपर्मण सप्लायर्स	ह्युमपाईप	१९६६७०
१७२१।२०७९-०३-२४	स्वर्गद्वारी ह्युमपाईप तथा विद्युत पोल उद्योग प्रा.लि.	पि.एस.सि. विद्युत पोल	१९३२९३
१७१४।२०७९-०३-२४	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	९५६२६
१६७६।२०७९-०३-२४	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	३३५३४१
१६८२।२०७९-०३-२४	स्वर्गद्वारी सप्लायर्स	विद्युत पोल	४७७६९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				१६७४।२०७९-०३-२४	प्रयास कंक्रिट पोल एण्ड ह्युमपाईप उद्योग	ह्युमपाईप	३८६८५४		
				२७४९-०७९।३।१९	भुमिका सप्लार्यस	HDEP pipe	७२४१५१		
						जम्मा	८५९२७०५		
३२			**विजक वेगर भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। गौ.भौ.नं. ७३, ०७८।०८।२७ बाट सिजल निर्माण सेवालाई निर्माण सामाग्रीको ल्याव परीक्षण वापत रु १०००० भुक्तानी भएकोमा सोको विल संलग्न नरहेकोले उक्त रकम असुल हुनुपर्ने रु.						१०,०००
३३			**एकै खण्डमा फरक कामका लागि २ फरक निकाय बाट ठेक्का व्यवस्थापन –** (क) ठे.नं. ७,०७७।०७८, जिल्ला प्रशासन कार्यालय देखि नेपाल बैकं सम्म सडक निर्माणका लागि निर्माण व्यवसायी श्री वेस्टर्न डेभलपमेन्ट कन्सर्न प्रा.लि सँग रु ११५३४९२४।५९ मा संझौता भई कार्यसम्पन्न गर्ने शुरु म्याद २०७८।०३।३२ रहेकोमा प्रथमपटक २०७८।१२।३० सम्म म्याद थप भएको देखियो । उक्त खण्डको नाली निर्माणको कार्य गर्न अन्य निकाय बाट ठेक्का व्यवस्थापन भएको र सोको कार्य सम्पन्न नभएको कारणले यस कार्यालयबाट हुने कार्यमा ढिलाई हुन गएको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन पेश गरेकोमा सोको निर्णय समेत भएको देखिएन । (ख) ठे.नं. ६,०७७।०७८, सडक विभाग देखि धारापनी जाने सडक निर्माणको लागि निर्माण व्यवसायी श्री तिरुपाते निर्माण सेवा सँग ११९७५२६४।३६ मा सम्झौता भई कार्य सम्पन्न गर्ने म्याद रहेकोमा दुईपटक म्याद थप भई अन्तिम म्याद २०८०।०३।१५ सम्म रहेको छ । उक्त खण्डको नाली निर्माणको कार्य पनि अन्य निकायबाट ठेक्का व्यवस्थापन भई सम्पन्न नभएको कारणले सडक निर्माणको कार्यमा ढिलाई हुन गएको उपमहानगरले जनाएको छ । एउटै खण्डको सडक र नाली निर्माणको कार्यका लागी दुईवटा निकाय बाट ठेक्का व्यवस्थापन भएको र पहिलो कार्य सम्पन्न नहुदै दोस्रो कार्यको लागी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन । निर्माण सम्बन्धी योजना तर्जुमा गर्दा अन्तरनिकाय समन्वय गरी सञ्चालन गर्नुपर्दछ ।						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**बजेट व्यवस्था नभएको –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (१) अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था छ । (क) ठे.नं. ८,०७८।०७९, दलजितपुर कनर्रे सडक निर्माणका लागी संघीय सरकार शशर्त अनुदान तर्फ कार्यक्रम रहि निर्माण व्यवसायी श्री आर डि/हाम्रो जे.भी सँग रु. ३४३७५९२४।५९ मा २०७९।०१।०६ मा संम्झौता भई कार्य सम्पन्न गर्ने म्याद २०७९।०३।२५ रहेकोमा निर्माण व्यवसायीलाई रु ६० लाख मोबिलाईजेशन पेश्की दिएको देखियो । निर्माण व्यवसायीबाट म्याद थपको निवेदन पेश भएको तर निर्णय हुन बाँकी रहेको छ भने उक्त योजनाको लागी संघीय सरकार बाट लेखापरीक्षण अवधि सम्म बजेट प्राप्त भएको छैन । (ख) ठे.नं. २,०७८।०७९, घोराही चोक देखि गुलरीया पार्क सम्म सडक निर्माणका लागी संघीय सरकार शशर्त अनुदानमा कार्यक्रम रही उपमहानगरपालिकाले ठेक्का व्यवस्थापन गरी निर्माण व्यवसायी श्री पुष्पाञ्जली/पि.एस जे.भी सँग रु.२३१५५३६०।२६ मा मिति २०७८।११।०४ मा सम्झौता गरी सोको कार्य सम्पन्न गर्ने म्याद २०७९ असार मसान्त सम्म रहेकोमा संघीय सरकारबाट बजेट प्राप्त नभएको कारण कार्य सुचारु भएको देखिएन । संघीय सरकारबाट योजना छनौट भएता पनि समयमै वजेट व्यवस्था नहुनु र कार्य सुचारु नहुनुलाई उचित मान्न सकिएन । स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वियन गर्न समयमै वजेटको व्यवस्था गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।	
३५			**कन्टिन्जेन्सी खर्चको अभिलेख -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु१९००००० खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
३६			**उपभोक्ता समिति मार्फत निर्माण कार्य-यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन्-**	
३६.१			**उपभोक्ता मार्फत सडक कालोपत्रे -** सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता सतमतिले पाएको काम आफैले सम्पन्न गनपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टमा गराउन नसकिने व्यवस्था रहेको छ ।	

त्यस्तै कार्यालयले नर्मसको प्रयोग गरी लागत अनुमान तयार गर्ने र निर्माण कार्य गर्दा सोही नर्मस अनुसार परिमाणको सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ । सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोटको लागि प्रति वर्गमिटर १.०५ के.जी÷लिटर, ट्याक्ट कोटको लागि प्रति वर्गमिटर ०.७३ के.जी÷लिटर र प्रिमेक्स कार्पेटको लागि प्रति बर्गमीटर १.४६ के.जी÷लिटर र शिलकोटको लागि ०.६८ लाग्ने गरी लागत अनुमान तयार गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडक मध्ये निम्न सडकहरुको पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन लागत अनुमानमा राखे भन्दा फरक परिमाणमा खरिद गरी प्रयोग गरेको छ । उपभोक्तावाट काम गराउँदा मितव्ययी नहुने रोजगारी सिर्जना नगर्ने प्राविधक पक्ष रहेको हेभी ईक्युपमेन्ट प्रयोग हुने तथा लागत अनुमानमा उल्लेख भए भन्दा घटी बढी परिमाणको बिटुमिन प्रयोग भएको देखिएकोले ऐन नियमको पालना नभएको र निर्माण सम्पन्न भएका सडकहरु गुणस्तरीय छ भनी आश्वस्त हुन सकिएन् । यसका केहि उदाहरण निम्नानुसार छन् -

भौ नं मिति	योजनाको नाम	प्राविधिक मूल्याँकन अनुसार भएको काम				लागत अनुमान अनुसार हनुपर्ने परिमाण	खरिद विल अनुसारको परिमाण	घटी / बढी परिमाण	भुक्तानी रकम
		प्राईम कोट बमी	ट्याक्ट कोट बमी	प्रिमेक्स कार्पेट बमी	शिल कोट बमी				
१८३१। २०७९-०३-२५	सपना टोल देखि तल्लो दामोदर चोक सम्म सडक पिच उ.स.	२२९०	१२७२	२५४४	२५४४	८९७६	९७७६	८००	२९८०६७६
१८२५। २०७९-०३-२५	स्यालापानी टोलको करिब ५०० मि. सडक कालोपत्रे गर्ने योजना	६०५	३३६	६७३	६७३	२४७८	३४६०	९८२	९४३४७३
१७८९। २०७९-०३-२५	घनबगिया बिच गल्लीमा बाँकी रहेको सडक पिच निर्माण उ.स.	२५२	१५१	२५१	२५१	९९२	९०४	-८८	७७४१६८
१७८१। २०७९-०३-	घोराहि तुल्सीपुर सडक देखि उत्तर तर्फ कवीला रिसोर्ट हुदै सडक पिच	५२८	३१७	५२८	५२८	१९४१	२१६०	-२१९	६५०४६२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
			२५										
			१७६०। २०७९-०३-२४	रब्ले टोल बाटो पिच तथा नाला निर्माण उ.स.	१३४	१२८	२९७	९३	६५३	१०९२	-४३९	१४५४८४२	
			१७३७। २०७९-०३-२४	ढोडेनी टोल विकास संस्था अन्तर्गत मुल सडक स्तरउन्नती तथा पिच गर्ने उ.स.	१३४	१२८	२३६	९३	५९३	६४१	४८	९७४४०८	
			१६१८। ३-२२	बर्गदुवा चोक देखि बालापुर जाने पक्की सडक	८६८	४८२	९६५	९६५	३२८०	२७४०	५४०	११६५८००	
			१६२१। ३-२२	बुकाचोकदेखि चरिङ्गे दह जाने बाटो पिच बाटो नि	६९०	३८३	७६६	७६६	२५७०	१९८०	-५९०	१४५७२५०	
			१६०२। ३-२१	झिङ्नी चोकदेखि भित्र गाउँहुदै दामोदर रोडसम्म जोड्ने बाटो कालोपत्रे	१०२२	५६८	११४०	११२०	३८०८	३३०८	-५००	१४५७२५०	
			१५५३। ३-२०	श्री कृष्ण टोलमा सडक पिच	१०६९	६४१	१०६९	१०६०	३९५२			१४२३३८३	
			१५२१। २०७९-०३-२०	साई मन्दिर भरतपुर बाटो पिच उ.स.	७६३	४२४	८४८	८४८	२६६८	२९६४	-२९६	१९३४५८०	
			१४६३। २०७९-०३-१६	ध्रुवतारा टोल र लाली गुरास टोल बरुवागाउमा पिच गर्ने ४०० मिटर उ.स.	७२३	४०२	७८९	७८९	२७०३	१०९२	१६११	९७०८११	
			१६७३। २०७९-०३-	गुरुवागाउँ थारु गाउँको पिच सडक बिस्तार उ.स.	९५९	५३३	१०६६	१०६६	३५७०	३४३२	१३८	१४५७२५०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२४										
जम्मा										१७६४४३५३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६.२			**उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.	८,८१०,६८८

गो.भौ.नं.। मिति	उपभोक्ता समितिको नाम	उ.स.लाई भुक्तानी रु.	निर्माण व्यवसायी	निर्माण व्यवसायी बिजक नं.।मिति	निर्माण व्यवसायीको बिजक रकम
३२। २०७९-०२-१९	घोराही १८ मसिना देखि वडा नं.१९ लाकुरी डाँडाँ सैघा सडक स्तरउन्नती उ.स.	२४२८७५०	ज्वाई जेठान कन्स्ट्रक्सन प्रा.लि.	०५। २०७९-०२-१६	१९९९७०४
			स्टार राईजिङ्ग निर्माण सेवा	१२। २०७९-०२-११	४८०३३८
५५। २०७९-०३-२४	श्री भूमि आधारभूत बिद्यालय, बाम्ला	४८५०००	लुगुम्याल बिल्डर्स प्रा.लि.	०८। २०७९-०३-२२	४९९४६०

क्रम	भौचर नम्बर	भौचर मिति	विषय						बेरुजु रकम
			१७२४। २०७९-०३-२४	पलासेखोला देखि कोलवन अटो सडक निर्माण उ.स.	२४२८७५	स्टार राइजिङ्ग निर्माण सेवा प्रा.लि.	२६। २०७९-०३-१५	२४९७३१	
			१७०५। २०७९-०३-२४	हात्तीखर्क खोलिगाउँ, खानिगाउँ सडक निर्माण उ.स.	९७१५००	लुगुम्याल बिल्डर्स प्रा.लि.	०६। २०७९-०२-२४	९९९८०१	
			१७०७। २०७९-०३-२४	पलासे जुगेपानी वरखोला बोल्दी सडक निर्माण उ.स.	९७१५००	ज्वाई जेठान कन्स्ट्रक्सन प्रा.लि.	९। २०७९-०३-१८	९९९५४२	
			१६४१। २०७९-०३-२२	लिलाधर थापा स्मृति मार्ग सडक निर्माण योजना उ.स.	३७६३३५	स्टार राइजिङ्ग निर्माण सेवा प्रा.लि.	२२। २०७९-०३-०६	४३८७१६	
			१६४९। २०७९-०३-२३	कचिला गनारमा डिप बोरिङ घोराही ०५	११३७०८५	**Gaurishankhar Water tube Well Construction and Services Pvt.Ltd.**	बिजक नं. ४३० देखि ४३५ सम्म	९६१९२०	
			१६५२। २०७९-०३-२३	खैरा गनारमा डिप बोरीङ घोराही	११२८९९३	**Gaurishankhar Water tube Well Construction and Services Pvt.Ltd.**	बिजक नं. ४३६ देखि ४४१ सम्म	९६५१३०	
			१५९७। २०७९-०३-२१	सुनाली थान राष्ट्रिय प्रा.वि.लिथान अटो सडक मर्मत योजना निर्माण वापतको रकम उ.स.	१४५७२५	बद्रिनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२५। २०७९-०३-२०	१५००००	
			१५६६। २०७९-०३-२१	पुठापानी सिरुखोर्य जवारी सडक निर्माण योजना उ.स.	४८५७५०	ज्वाई जेठान कन्स्ट्रक्सन प्रा.लि.	०३। २०७९-०१-०५	४९९९५१	
			१५५२। २०७९-०३-	बयालिकोट भयरथान घ्युर अटो सडक निर्माण उ.स.	२४२८७५	स्टार राइजिङ्ग निर्माण सेवा प्रा.लि.	१९। २०७९-०२-२३	२४८६०६	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०					
१५२०। २०७९-०३-२०	कमिरेडाडा गोर्जा जरिवाङ सडक निर्माण उ.स.	१९४३००	स्टार राइजिङ्ग निर्माण सेवा प्रा.लि.	१५। बिजक मिति उल्लेख नभएको	१९९१०९
	जम्मा	८८१०६८८			८८१०६८८

३६.३			**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३७			**खरिद सम्झौताको अवधि थप -** सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भर्इ ठेक्काको काममा ढिलार्इ भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा काबु बाहिरको परिस्थिती अवस्था मुल्याङ्कन बिश्लेषण बेगर,निर्माण व्यवसायीले निवेदन नदिई,कार्य सम्पादन जमानत र बिमाको अवधि समेत थप नगरी ९ औँ नगरसभाबाट २०७८।७९ को स्विकृत बजेट तथा कार्यक्रम अनुसार आ.व.२०७६।७७ र २०७७।७८ मा संचालित योजनाको कोभिड र बर्षातका कारण सबै खरिद सम्झौताको एकमुष्ठ म्याद थप गर्ने निर्णय गरेको पाईयो ।उप-महानगरले उचित मुल्याङ्कन बिश्लेषण गरेरमात्र आवश्यकता अनुसार खरिद सम्झौताको अवधि थप गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>

डोजर, लोडर र एक्साभेटरको मर्मत खर्च र आम्दानी -

उप महानगरपालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. ११,७६,६५३/९१ खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले के कति मात्रामा आम्दानी गरेको छ सो को विवरण प्राप्त हुन सकेन । भने उप महानगरपालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

सि.नं	मेशिनरी	संख्या	मर्मत तथा ईन्धन रकम	आम्दानी रकम
१	**डोजर**	२	११,२४,६१६/४४	**विवरण प्राप्त नभएको ।**
२	**लोडर**	१	४,९०६/४७	
३	**एक्साभेटर**	१	४७,१३१/-	
	जम्मा	४	११,७६,६५३/९१	

</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

वढी दररेटमा खरिद -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. २७४९-०७९।३।१९ कार्यालयद्धारा निम्नानुसारका पाइपहरु निम्नानुसारको परिमाणमा खरिद गरि भुमिका सप्लार्यसलाइ रु ७२४१५१ भुक्तानी दिएकोमा सोको सरकारी दररेट भन्दा वढी मुल्यमा खरिद गरि भुक्तानी दिएको देखिएकोले बढि भुक्तानी रु ६३३०५ असुल हुनुपर्ने रु

विवरण	परिमाण	खरिद दर	सरकारी दर	वढी
G.I pipe 6	५	२८०००	१७६२१	५१८९५
HDEP pipe २00	३५	२७९१	२४६५	११४१०
				६३३०५

</td><td>६३,३०५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**फुसको छाना विस्थापन कार्यक्रम –** उप-महानगरले यसबर्ष सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ लाई आधार मानि समानिकरण अनुदान अन्तर्गत फुसको छाना विस्थापन कार्यक्रममा ३१७ घरधुरी निर्धारण गरि प्रथम किस्ता प्रति घरधुरी रु.३०००० का दरले ३१७ घरधुरीलाई रु.९५१०००० र निर्धारण गरेकोबाट दोस्रो किस्ता प्रति घरधुरी रु.२०००० का दरले २०८ घरधुरीलाई रु.४१६०००० समेत जम्मा रु.१३६७०००० खर्च लेखेको छ ।लाभग्राहि सँग सम्झौता पश्चात प्रथम किस्ता र लाभग्राहि स्वयमले खरिद गरेको जस्ता पाता जडान सहितको कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा दोस्रो किस्ता उपलब्ध गराएको छ ।लाभग्राहि स्वयमले खरिद गरेको कारण जस्तापाताको गुणस्तर सम्बन्धमा पालिकाले एकिन नगरेको, मागमा आधारित हुने यस किसिमको वितरणमुखी कार्य गर्दा खरका छाना भएका विपन्न परिवारहरुवाट माग संकलन तथा यथार्थता जाँच गरी परिमाण निर्धारण गर्नुपर्नेमा सो नगरेको, वितरणको कार्यविधि तयार नगरेको, जस्तापाता पाउने व्यक्तिले सो भन्दा पहिले प्राप्त गरे नगरेको र अन्य निकायले पनि विपन्न आवास कार्यक्रममा घर निर्माण गर्ने गरेको देखिंदा जस्तापाता प्राप्त गर्ने व्यक्तिले सो लाभ प्राप्त गरे नगरेको एकिन गर्न अन्तर निकाय विच समन्वय गर्नुपर्नेमा सो समेत नगरी खर्च लेखेको छ । तसर्थ सो कार्यको प्रभावकारी अनुगमन हुनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>

परामर्श सेवा खरिद-

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

डि.पि.आर. निर्माण गर्दा उप-महानगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>११४-०७८/०९/१४</td><td>IEE</td><td>पिनाकल इन्जीनियरिङ सोलुसन एण्ड कल्सल्टेन्सी प्रा.लि</td><td>४८६२९५</td></tr>
<tr><td>२.</td><td>१२६-०७८/०९/१४</td><td>IEE</td><td>नोडल इन्जीनियरिङ कल्सल्टेन्सी प्रा.लि</td><td>४८४०१२</td></tr>
<tr><td>३.</td><td>८७७-०७९/०२/११</td><td>Survey design estimate</td><td>स्वर्गद्धारी रिसर्च तथा इन्जीनियरिङ कल्सल्टेन्सी प्रा.लि</td><td>४११८१८</td></tr>
<tr><td>४.</td><td>११४७-०७९/०३/०६</td><td>DPR</td><td>दाङ भ्याली कन्स्ट्रक्सन एण्ड इन्जीनियरिङ सेवा</td><td>४९४०००</td></tr>
<tr><td>५.</td><td>५६-०७८/०८/१०</td><td>DPR</td><td>अदिती कल्सलटेन्ट प्रा.लि</td><td>८४०९५५</td></tr>
<tr><td>६</td><td>५४-०७८/०८/१०</td><td>DPR</td><td>आदित्य कल्सलटेन्ट प्रा.लि</td><td>१२१०१४६</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३९२७२२६</td></tr>
</table>

यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

कार्य सम्पन्न प्रतिवेदन -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
४४			**गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अतःसो कार्यको गुणस्तर एकिन गर्नसकिएन् ।	
४५			**खरिद गुरुयोजना र वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस उप महानगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७९७९३३९६९.३१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर उप महानगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः उप महानगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
४६			**विद्यालय दिवा खजा - यसमा देहायको व्यहोरा देखिएको छ -** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमा णित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि ९३ विद्यालयलाइ रु.२०९२४४५६ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छः **क)बढि निकासाः** उपमहानगरपालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले दिवा खाजाका लागि निकासा दिएको रकम भन्दा विद्यालयले गरेको दिवा खाजा खर्च रकम कम रहेको पाइयो ।नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निकासा दिएको रकम र विद्यालयले पेश गरेको खाजा खर्च रकम वितरण भरपाई तथा	८८५,०७९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खाजा खर्च रकमका विल एकिन गरी तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिका स्वयमले एकिन गरी असुल गर्नुपर्ने रु.	

क्र स	विद्यालयको नाम	निकासा	खर्च	वढी निकाशा
१	गंगा मा. वि. रामपुर	४१८०९५	३३३७३०	८४३६५
२	गोरक्षनाथ मा. वि.	१०७८१२५	८७२८२०	२०५३०५
३	रझेना मा. वि.	७४४९७५	७१८५१५	२६४६०
४	झिगनी मा. वि.	४७७६४५	४३५१६५	४२४८०
५	जयशेर मा. वि.	५४७६७०	५४६४०४	१२६६
६	वालविकास मा. वि.	८९६६८२	८२७३३१	६९३५१
७	सृजनशिल आ वि	१८३२१०	१८११७५	२०३५
८	सुनपुर आ वि	४६३७१०	४३८५७०	२५१४०
९	जनकल्याण प्रा वि	२२१२१५	२०७७२०	१३४९५
१०	पद्योदय मा. वि.	८१५३७०	७४७२७०	६८१००
११	बालकल्याण मा. वि.	३३३७९५	३१९५४५	१४२५०
१२	सौडियार मा. वि.	१५९७५०	१३८५७०	२११८०
१३	गोग्ली मा. वि.	७२४२००	६५०५४०	७३६६०
१४	हर्नोक मा. वि.	२६३५०५	२४०२२०	२३२८५
१५	जनता मा. वि. बुका	४७६७६५	३२२९०५	१५३८६०
१६	रतनपुर मा. वि.	३५८४८५	३१२०७८	४६४०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				१७	हापुर मा. वि. विजौरी	२९९२७५	२८४८३५	१४४४०	
					जम्मा	**८४६२४७२**	**७५७७३९३**	**८८५०७९**	

४७			**छात्रवृत्ति बढि निकासा-** विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । यसवर्ष उपमहानगरपालिका क्षेत्रका ९२ विद्यालयहरुलाई छात्रवृति वापत रु.४२५०४०० निकासा दिएकोमा सो मध्ये २० विद्यालयहरुको नमूना छनौट गरी छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको छात्रवृत्तिको रकम भन्दा कम रकमको छात्रवृत्ति वितरण भरपाई पेश भएकोले तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिका स्वयमले एकिन गरी असुल गर्नुपर्ने रु.	५४,४००

विद्यालयको नाम	निकाशा रकम रु	भरपाई	फरक रकम रु
रझेना माद्यमिक विद्यालय	२०६४००	१८४४००	२२०००
वालविकास माद्यमिका विद्यालय	२६७६००	२४९२००	१८४००
सिद्व रत्ननाथ नमुना माद्यमिक विद्यालय	१९१६००	१८४०००	७६००
हापुर माद्यमिक विद्यालय निघुवार	८५२००	७८८००	६४००
जम्मा	७५०८००	६९६४००	५४४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**विद्यालय पाठ्यपुस्तक बढि निकासा -** कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तक निकासा गर्दा विद्यार्थी संख्या तथा खरिद पाठ्यपुस्तकको आधारमा दिएको हुनु पर्दछ । यसवर्ष उपमहानगरपालिका क्षेत्रका ९२ विद्यालयहरुलाई पाठ्यपुस्तक वापत रु.१५४२४९५१ निकासा दिएकोमा सो मध्ये २० विद्यालयहरुको नमूना छनौट गरी पाठ्यपुस्तक निकासाको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको पाठ्यपुस्तको रकम भन्दा कम रकमको पाठ्यपुस्तक खरिदको विल पेश भएकोले तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिका स्वयमले एकिन गरी असुल गर्नुपर्ने रु.	२७२,४७१

सि.नं.	विद्यालयको नाम	निकाशा रकम रु.	खरिद रकम रु.	फरक रकम रु.
१	गंगा मा.वि. रामपुर	५९९०२४	५८७०६२	११९६२
२	गोरक्ष रत्ननाथ मा.वि.	४२९७०७	४१३३२१	१६३८६
३	वालविकास मा.वि.	८२७५८५	८१६०१६	११५६९
४	पद्मोदय नमुना मा.वि.	२०९४३६२	१९७८३२०	११६०४२
५	हापुर मा.वि. निघुवार	३६१९४९	२९५४३६	६६५१२
६	वालकल्याण मा.वि. खैरा	२४९४१८	१९९४१८	५००००
	जम्मा	**४५६२०४५**	**४२८९५७३**	**२७२४७१**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**बाल मन्दिर आधारभूत विद्यालय निर्माण - यसमा निम्न व्यहोरा देखिएको छ** उप-महानगर पालिकाले अपाङ्गताको प्रकृति अनुरुप आबश्यकताको आधारमा विशेष शिक्षा आवासीय विद्यालय संचालन गर्ने कार्यक्रम अनुसार बालमन्दिर आधारभुत विद्यालय निर्माणका लागि गतवर्ष आ.व.२०७७।७८ को बचत रु.२८००००० र यसवर्ष प्राप्त रकम रु.५०००००० लाख समेत जम्मा रु.७८००००० विद्यालयको बैंक खातामा रकम निकासा गरी खाता रोक्का राखेको पाईयो । उक्त आवस भवन निर्माणका लागि ठेक्का नं. NCB/WORKS/SBMAV/01/078/79 का न्यूनतम कबोल कर्ता आर.एम.एम.निर्माण सेवा एण्ड सन्देश सप्लायर्स संग रु.७१६७९८४ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि मिति २०७९-०९-१९ सम्म उक्त कार्यको प्राविधिक मूल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा रु.६६३११३९ रकम फुकुवा गरी बाकी रकम रु.११६८८६१ विद्यालयको खातामा रोक्का राखेको छ । आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ . उप-महानगर पालिकाले उक्त विद्यालयको बिशेष विद्यालय सुधारको बहुबर्षिय गुरुयोजना स्विकृत गरेको कारण क्रमागत रुपमा रकम परिचालन गरेको आधार पेश गरेको छ । रोक्का रकमको निर्माण पश्चात बिल भरपाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१,१६८,८६१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**शैक्षिक गुणस्तर सुढृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान - यसमा निम्न व्यहोरा देखिएको छ** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकामा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री पद्यमोदय पब्लिक मा.वि लाई अनुदान स्वरुप रकम रु३००००००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् - क)विद्यालयले शैक्षिक भ्रमण बापत रु.,९६७,000।– खर्च गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिकाको मर्म विपरित शसर्त अनुदान रकमबाट भ्रमण अवलोकनमा खर्च लेख्नु उचित देखिएन् । ख)सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.५ लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । उक्त व्यवस्था विपरित विद्यालयले गुगल टेडर्सबाट रू. १०३७००० को कम्प्युटर सोझै खरिद गर्नु नियमसंगत देखिएन् । ग)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । विद्यालय सुधार गुरुयोजना कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुको कार्यान्वियन समितिमा रहि कार्य गरे वापत पदाधिकारीले भत्ता वापत रकम रु ७२५०० बुझेको देखिन्छ । समितिमा रहेका पदाधिकारीका काम, कर्तव्य सम्बन्धमा एकिन नभएको र कार्य प्रगति प्रतिवेदन समेत पेश नभएकोले प्रमाण पेश हुनुपर्दछ । घ)आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शिषर्कको खर्च रकम भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर रु १३४४७, पारिश्रमिक कर रु ३४५०० र वहाल कर ३३५० गरी जम्मा रकम रु ५१२९७ कट्टी गरेको छ्रैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु ङ)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । शैक्षिक गुणस्तर सुढृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत पद्योमदय पब्लिक मा.वि ले विभिन्न समयमा बैठक बसि बैठक भत्ता वापत रकम रु ९७००० भुक्तानी गरेको छ । विद्यालय बैठक बसि उक्त बैठकमा उपस्थिति सहितको निर्णय र प्रगति प्रतिवेदन बनाउनुपर्दछ ।	५१,२९७
५१			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम - यस सम्बन्धमा निम्नानुसारको व्यहोरा देखिएको छ** विद्यालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व	२९,०००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट १२ वटा विद्यालयलाई आषाढ महिनामा भवन निर्माण,I.C.T र पढ्दै कमाउदै अनुदानका लागि रु.२९००००००० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा १३ वटा विद्यालयलाई अनुदान दीएको मध्ये कुनै पनि विद्यालयको कार्यक्रम र निर्माण कार्य सम्पन्न नभएकोले अनुदान रकम रोक्का राखेको पालिकाले जानकारी दिएको छ । निम्नानुसार विद्यालयमा भवन निर्माण र कार्यक्रमका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन,बिल भरपाई) लेखापरीक्षणका क्रममा पेश भएन । अत :उक्त कार्यको बिल भरपाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	

सि.नं.	विद्यालय नाम	रोक्का रकम रु.	कार्यक्रमको नाम
१	अम्बिकेश्वरी आ.वि. बेलघारी	३६००००००	४ कोठे भवन
२.	प्रा.वि.पेदा	१८००००००	२ कोठे भवन
३.	आ.वि. गिठेपानी	१८००००००	२ कोठे भवन
४.	मा.वि.हपुर रतनपुर	३६००००००	४ कोठे भवन
५.	मा.वि.जजरागाउँ	३६००००००	४ कोठे भवन
६.	जनजागृती मा.वि. लम्डरुवा	३६००००००	४ कोठे भवन
७.	अन्तराष्ट्रिय युवावर्ष मा.वि. तोष	३६००००००	४ कोठे भवन
८.	आ.वि.हपुर गुर्जे	३६००००००	४ कोठे भवन
९.	प प नमुना मा.वि. भरतपुर	१००००००	I.C.T
१०.	सिद्ध र ना मा.वि. नारायणपुर	१००००००	पढ्दै कमाउदै
१२.	सिद्ध र ना मा.वि. नारायणपुर	१८००००००	२ कोठे भवन
	जम्मा	२९००००००	

सामाजिक परीक्षण; कार्यविधिको दफा १४ मा कार्यक्रम बमोजिम कार्यसम्पन्न भएपछि विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गरी सोको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सामाजिक परीक्षण गराउने गरेको देखिएन । स्थानीय तहलेसमेत माग गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको बुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न १२ विद्यालयलाई भवन निर्माण,I.C.T र पढ्दै कमाउदै अनुदानका लागि रु.२९०००००० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।	
५२			**पब्लिक नमुना मा.वि.निर्माण - यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ** उप-महानगर पालिकाले नमुना विद्यालय निर्माणका लागि कार्यक्रम कार्यान्वयन पुस्तिक २०७८।७९ को क्रियाकलाप नं.८.३ मा नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान शिर्षकको उपदफा नं. १ अनुसार रु.७०००००० बजेट व्यवस्थापन गरेको र उक्त बजेट क्रमागत भवन निर्माण तर्फको भएकाले नमुना विद्यालयको लागि छनौट भएको पद्योदय पब्लिक नमुना मा.वि.घोराहि १५ को बैंक खातामा रकम निकासा गरी विद्यालयको खाता रोक्का राखेको पाईयो । उक्त भवन निर्माणको लागि निर्माण व्यवसायी आशमिनि निर्माण सेवा संग रु.४७६३५५१.४४ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि मिति २०७९-०९-१९ सम्म उक्त कार्यको प्राविधिक मूल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा रु.४३१६५३७.२२ रकम फुकुवा गरी बाकी रकम रु.४४७०१४.२२ विद्यालयको खातामा रोक्का राखेको छ । आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । उप-महानगर पालिकाले उक्त विद्यालयको नमुना विद्यालय सुधारको बहुबर्षिय गुरुयोजना स्विकृत गरेको कारण क्रमागत रुपमा रकम परिचालन गरेको आधार पेश गरेको छ । रोक्का रकमको निर्माण पश्चात बिल भरपाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	४४७,०१४
५३			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर उप महानगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.९९२३४४१ तलब भत्ता भुक्तानी गरेको पाईयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
५४			**स्वास्थ्य तर्फ- यसमा निम्न व्यहोराहरु देखिएको छ -**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४.१			**प्रगति प्रतिवेदन -** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादम्यता भएको छ भनी आश्वस्त हुन सकिएन। प्रगति प्रतिवेदन तयार गरिनु पर्दछ ।	
५४.२			**औषधी खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । उप-महानगरपालिकाले चिराग फार्मेसीबाट रु.४४२३७५५ को औषधि बोलपत्र मार्फत र विभिन्न फर्मबाट रु.१३६०१८१ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः क)खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, ख)आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, ग)आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, ङ)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
५५			**सामाजिक सुरक्षा भत्ता वितरण - यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन्**	
५५.१			**सार्वजनिक सुनुवाई -** पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। पालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.२			**मौज्दात रकम -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदां नं. २४ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका बैंकलाइ निकासा गरेको मध्ये बैंकहरुले भत्ता वितरण गरी कार्यालयलाई पठाएको रिभर्स फिड अनुसार निष्कृय खातामा रहेको देहायको बाँकी मौज्दात रकम फिर्ता गर्नुपर्ने रु.	१९,६७४,२३३

बैंकको नाम	निकाशा रकम	लाभग्राहीलाई वितरित रकम	बैंकबाट फिर्ता भएको रकम	बाँकी मौज्दात रकम
सिभिल बैंकं	८६१८२६४३	८३९०२६२८	६६२६६९	१६१७३४६
प्रभु बैंकं	२८७८०८८०	२५८६१४९१	१९९१०७८	९२८३११
ज्योति विकास बैंकं	५५९४०३९९	५२३०९४२८	२७९७९८९	८३३०००
कामना सेवा विकास बैंकं	४५७०७९१६	३८३१९०४६	६९९७४६३	३९१४०७
ग्लोबल आई एम ई बैंकं	२९४८०७९७	२२९९७३५७	९३९६४	६३८९४७६
कृषि विकास बैंकं	३४८४९९६७	२५१६८८२२	१६६४५२	९५१४६९३
जम्मा				१९६७४२३३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.३			**तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.४			**पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । उप-महानगर पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
५६			**प्रधानमन्त्री रोजगार कार्यक्रम - यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् -**	
५६.१			**रोजगारदाताहरुको तथ्याङ्क संकलन-** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।	
५६.२			**रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका ३८ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष २५१ जनालाई रोजगारी उपलव्ध गराई रु.५२८६१३१।९७ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६.३			निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित नगरपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर उप महानगरपालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।	
५७			**फरक खर्च शीर्षक -** आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।कार्यालयले फरक शिर्षक पारि खर्च लेखेको अनियमित देखिएको रु.	२,२१४,४३८

गौ न । मिति	खर्च लेखेको शिर्षक	हुनुपर्ने शिर्षक	रकम
८५।०७८।५।२५	पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन	भ्रमण खर्च	४३७००
१७१७।०७८।१२१।२३	विविध खर्च	पुँजीगत शिर्षक	२३१७५३
१८६२।०७९।१।७	कर्मचारी पारिश्रमिक	अतिरिक्त भत्ता	२०२०००
२०३३।०७९।१।२३	कर्मचारी पारिश्रमिक	अतिरिक्त भत्ता	४००००
२१६९।०७९।२।१६	भ्रमण खर्च	पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन	४९५२१
२२१८।०७९।२।१९	वडा स्तरिय स्मारिका प्रकाशन	कार्यक्रम खर्च	६००००
२२३६।०७९।२।२३	कर्मचारी पारिश्रमिक	भ्रमण खर्च	७६५०
२३६४।०७९।३।२	निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार	सवारी साधन मर्मत	२५४४८३
२३६८।०७९।३।३	मासिक सरसफाइ अभियान	सरसफाइसेवा शुल्क	३१४९४७
२७१८।०७९।३।३	अन्य संस्था सहायता	कार्यालय सामग्री खरिद	२६०४१९
२८५७।०७९।३।२१	अन्य भत्ता	बैठक भत्ता	१६१०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२८५५।०७९।३।२१	अन्य भत्ता	बैठक भत्ता	७४०००
२९१३।०७९।३।२३	कर्मचारी पारिश्रमिक	अतिरिक्त भत्ता	२१००००
२९५०।०७९।३।२४	सार्वजनिक उपयोगिताको सेवा खर्च	इन्धन खर्च	३०४९६५
		जम्मा	२२१४४३८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८			**गौ.स.स. मार्फत कार्य-**	१,९६१,३३६

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गौ न मिति	कार्यक्रम	सस्थाको नाम	रकम
848-078/9/14	अपांगता भएका व्यक्तिका लागि सहायक सामग्री वितरण	नेपाल अपाङ्ग संघ	२५००००
९३३-078/9/27	लागु औषध सम्बन्धी विद्यायल कार्यक्रम	निर्णय पुनस्थापना केन्द्र	१५००००
963-078/9/29	किशोरी संजालले संचालन गर्ने गरि दालमोठ तथा नमकिन वनाउने तालिम	प्रगति किशोरी संजाल	१२५०००
1024-078/10/16	लागु औषध सम्बन्धी चेतनामुलक कार्यक्रम	निर्णय पुनस्थापना केन्द्र	१०००००
1124-078/10/25	लैगिंक हिसां विरुद्ध कानुनी सचेतना तालिम	पत्रकार महिला मञ्च	१०००००
1178-078/11/5	नेपाल मगर महिला सेवा समितिका लागि मगर भाषा प्रशिक्षण कार्यक्रम	नेपाल मगर महिला सेवा समाज	१०००००
1229-078/11/9	वातावरणमैत्री झोला निर्माण कार्यक्रम	चेम्बर अफ कमर्स	१८९५००
1301-078/11/18	१० नं वडाका मुक्तकमलहरीलाइ आयमुलक तालिम	ओजराज कृषि सहकारी संस्था	१५००००
1309-078/11/22			

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				झोगौरा गाउँमा व्यवसायिक ढकिया बुनाइ तालिम कार्यक्रम	झोगौरा टोल विकास संस्था	१०००००	
			1999-079/1/19	हिसां प्रभावितका लागि महिला सेवा केन्द्र संचालन	सौभाग्य महिला विकास वचत तथा ऋण सहकारी संस्था	२१७०८६	
			२०64-79/2/9	मुक्त कमलरीहरुका लागि सिपमुलक तालिम	मानवीय सहायता नेपाल	१०००००	
			2322-079/2/30	युवा लक्षित कार्यक्रम	निर्णय पुनस्थापना केन्द्र	१०००००	
			2668-079/3/16	युवा तथा महिलाहरुको लागि सिप विकास तालिम	मुक्त कमलरी विकास मञ्च	१५००००	
			2716-079/3/17	दलित क्षमता विकास कार्यक्रम	प्रेस सेन्टर नेपाल	५००००	
			2709-079/3/17	दलित जातीलाइ सिप विकास तालिमा	साझेदारी विकास मञ्च	७९७५०	
					जम्मा	१९६१३३६	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>

डिजिटल प्रोफाइल निर्माण -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनोट भएपछि लाभ लागत यकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले डिजिटल प्रोफाइल निर्माण गर्नुपर्नेमा सो नगरेको रु

गो भौ नं र मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम
७५७।०७८।९।४	४ नं वडाको प्रोफाइल निर्माण	फाइन्ड अल नेपाल प्रा लि	४४७०००
१६४२।०७८।१२।२०	१४ नं वडाको प्राश्वचित्र निर्माण	फाइन्ड अल नेपाल प्रा लि	२९७८००
१९२४।०७९।१।१२	५ वर्षे प्रगति वृत्तचित्र	स्वर्गद्वारी मिडिया प्रा लि	४९७२००
१९४८।०७९।१।१३	कृषि शिक्षा स्वास्थ्य सम्बन्धी वृत्तचित्र	गाउँले मनोरञ्जन संसार	१०००००
२०४५।०७९।२।४	४ नं वडाका विभिन्न पर्यटकीय स्थानको वृत्तचित्र	आवाज इन्टरनेशनल प्रा लि	१५००००
२०४७।०७९।२।४	११ नं वडाको वृत्तचित्र	आवाज इन्टरनेशनल प्रा लि	१५००००
२३९५।०७९।३।५	१९ नं वडाको प्रोफाइल निर्माण	फाइन्ड अल नेपाल प्रा लि	२९७८००
२८८९।०७९।३।२२	१० नं वडाको डिजिटल सूचना वोड निर्माण	व्रोसीस इन्फोटेक	२९९८६५
		जम्मा	**२२३९६६५**

</td><td>२,२३९,६६५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**अन्य कार्यालय खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ ।यस वर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयका लागि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु	२,३७६,२३६

गौ.भो.न. मिति	कार्यालय र प्रयोजन	रकम
१०४।०७८।५।३१	इलाका प्रहरी कार्यालय नारायणपुरका लागि इन्धन	४९९९९
१५९।०७८।६।१८	इलाका प्रहरी कार्यालय नारायणपुरका लागि व्यवस्थापन खर्च	५००००
३६३।०७८।७।१४	इलाका प्रहरी कार्यालय नारायणपुरका लागि इन्धन	२५०००
१४८४।०७८।१२।१०	जिल्ला प्रहरी कार्यालयको गाडी मर्मत	४१७१८३
१६१०।०७८।१२।१७	लुगुमेल खाम समाज कार्यालयको व्यवस्थापन खर्च	१९४३००
२४४२।०७९।३।८	मालपोत कार्यालय संस्थागत सुधार	७९८८९६
२८४१।०७९।३।२१	जिल्ला प्रहरी कार्यालयलाइ Water Treatment plant	३४१२६०
६ ।०७८।०५।१६	मालपोत कार्यालयको इन्भर्टर र व्याट्री खरिद	४९९६००
	जम्मा	**२३७६२३६**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;	

भौ.न. मिति	कार्यक्रमको नाम	रकम
५०९।०७८।८।७	कृषकहरुलाइ उन्नत जातको तरकारी विउविजन वितरण	५००००
१४७८।०७८।१२।१०	वंगुर वितरण	९७०००
२२४६।०७९।२।२४	तरकारी कम्पोजित पाकेट विउ वितरण	२०००००
२६०४।०७९।३।१४	वेमौसमी तरकारी विउ वितरण	१९९८७५
२५६८।०७९।३।१३	पोषण सहित सुत्केरी भुटघाट कार्यक्रम	९९६९३
१७७१।०७९।१।४	ब्याड्मिन्टन तथा क्रिकेट खेलका लागि दाङ क्रिकेट संघ	४०००००
	जम्मा	१०४६५६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ३ वटा नियमावली ,५९ बटा कार्यबिधि, ३ निर्देशिक, ५ वटा नर्म्स स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष उप महानगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२९४
पञ्जिकरणतर्फ	
	5759

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				जन्मदर्ता			
				मृत्युदर्ता	1325		
				बसाईसराई दर्ता	1767		
				विवाह दर्ता	2576		
				सम्बन्धविच्छेद दर्ता	192		
				पूर्वाधार विकास सडक निर्माण			
				कालोपत्रे सडक निर्माण	१० कि.मी.		
				कालोपत्रे सडक मर्मत	४ कि.मी.		
				ग्राभेल सडक निर्माण	२८ कि.मी.		
				ग्राभेल सडक मर्मत	१२ कि.मी.		
			स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार उप महानगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । सेवा प्रवाहमा सुधार ल्याउनु पर्दछ ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			**सुरक्षित नागरिक आवास कार्यक्रमः यसमा देहायका व्यहोरा देखिएका छन् -** **निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७५ जारी गरेको छ । यस उप महानगरपालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु.१२१२०००० खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् । क) सुविधा: कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन । ख) किस्ता भुक्तानी: कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । उप-महानगरले यसवर्ष संघ सशर्त अनुदान अन्तर्गत रहेको सुरक्षित नागरिक आवास कार्यक्रमको लागि प्रथम किस्ताको ३०० घर परिवारलाई प्रति परिवार रु.३०००० का दरले रु.९०००००० र दोस्रो किस्ता १५६ घर परिवारलाई प्रति परिवार रु.२०००० का दरले रु.३१२०००० समेत जम्मा रु.१२१२०००० खर्च लेखेको छ । उक्त निर्माण कार्यको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्रममा खर्च भयो भएन एकिन गर्न सकिएन । ग) कार्य प्रगति: कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**धान बालिको क्षतिमा राहत तथा क्षतिपुर्ती -** बेमौसमी बर्षाको कारण धान बालिमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ को बुँदा नं. ३(५) अनुसार सरकारी वा सार्वजनिक जम्मा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसेको अवस्थामा राहत रकम उपलब्ध नगराइने उल्लेख छ । पालिकाले धानवालीको क्षतिपुर्ति वापत राहत वितरणका लागी जिल्ला प्रशासन कार्यालयबाट रु.१६३८६५११ निकासा भएकोमा राहत व्यवस्थापन समितिको २०७८।१२।२८ को निर्णयानुसार उपमहानगरपालिकाबाट लेखापरीक्षण अवधिसम्म १४ वडामा ४२०५ जनालाई रकम रु १०५३६९०१ राहत वितरण गरी रकम रु ५८४९६१० बाँकी रहेको छ । मापदण्ड अनुसार राहत प्राप्त गर्ने व्यक्ति वास्तविक हो होईन पालिकाले एकिन गरेको देखिएन् । पालिकाले एकिन गरेर मात्र राहत वितरण गर्नुपर्दछ ।	
६५			**मू.अ.कर तथा आयकर कट्टी - यस सम्बन्धि देहायका व्यहोरा देखिएको छ**	
६५.१			**भुक्तानीमा करकट्टी नगरेकोः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. २९१७० अग्रिम कर कट्टी गरेको छैन । कार्यालयले भुक्तानी दिदां अग्रिम कर कट्टी नगरेको कर सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने रु.	२९,१७०

गौ.भो.न. मिति	नाम	प्रयोजन	भुक्तानी	अपुग कर प्रतिशत	रकम
९६३।०७८।९।२९	प्रगति किशोरी सञ्जाल	दालमोठ तथा नमकिन वनाउने तालिम		१५	१००००
१७५१।०७९।१।२	छविलाल पुरी	वालमैत्री कार्यक्रम	५००००	१३.५	६७५०
१७५१।०७९।१।२	नारायण प्रसाद नेपाल	वालमैत्री कार्यक्रम	५००००	१३.५	६७५०
२३३७।०७९।२।३१	दिर्घराज गौतम	कोभिड १९ नियन्त्रण	१९२००	१५	२८८०
२३३७।०७९।२।३१	खुसीराम चौधरी	कोभिड १९ नियन्त्रण	१८६००	१५	२७९०
		जम्मा	**१३७८००**		**२९१७०**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.२			**ननफाइलर Non filer –** आयकर ऐन, २०५८ को दफा ९८ अनुसार आयकर दर्ता भएका प्रत्येक ब्यक्ती/ ब्यवसायीले आय वर्ष समाप्त भएको ३ महिना भित्रका सो वर्षको आय विवरण आन्तरिक राजश्व विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्ने वयवस्था छ । कार्यालयले निर्माण व्यवसायी मार्फत कार्यहरु गराउँदा विगत लामो समय देखि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला नगरि नन-फाइलर रहेको आपुर्तकहरुबाट निर्माण सामग्रीहरु खरिद गरेको देखियो । यसरी ब्यवसायिक कारोबार गर्ने तर आय विवरण दाखिला नगर्दा आयको चुहावट हुने भएकोले Non filer भएका ब्यवसायीबाट कारोबार गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । साथै देहाय अनुसार कारोबार भएका Non filer ब्यवसायीहरुलाई आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम कारवाहीकालागी सम्बन्धित राजश्व कार्यालयमा लेखि पठाउनु पर्ने देखिन्छ । कार्यालयले ३० प्रतिशत मुल्य अभिवृद्धि कर कट्टी गरेकोले वाँकी ७० प्रतिशतको मु अ कर समायोजन पेश हुनुपर्ने रु.	२,३०१,७१६

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं । मिति	नन्फाइलर रहेको मिति	भुक्तानी रकम	मू.अ.कर रकम	समायोजन हुनुपर्ने ७०% मु अ कर
०४।विविध पूर्जीँगत प्रशासनिक भवन	गौरीपार्वती –भुसाल-बस्नेत जे.भी.	६१५७९७८७०	०२। २०७९-३-२५	2077/M/12	२४४६४५९२	३१८०३९६	२२२६२७७
१४५९।२०७९-०३-१७	लोकमनी सप्लायर्स प्रा.लि.	६०६५४५२७५	६९। २०७९-०३-१३	2079/M/2	८२९०००	१०७७७०	७५४३९
				जम्मा	२५२९३५९२	३२८८१६६	२३०१७१६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.३			**मूल्य अभिवृद्धि कर कट्टी -** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ ।आ.व.२०७७।७८ को बजेट भाषण पश्चात यस्तो व्यवस्था मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३०% मू.अ.कर कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएको छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.	१२२,९६७

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	विजक नं ।मिति	भुक्तानी रकम	मू.अ.कर रकम
१४५६।२०७९-०३-१७		६१०१६३९५३	०१। २०७९-०३-१७	४१५९००	५४०६७
१४६०।२०७९-०३-१७	शर्मिला कन्स्ट्रक्सन सेवा	३०००००३४७१	०८। २०७९-०३-१७	५३००००	६८९००
			जम्मा	९४५९००	१२२९६७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.४			**मुल्य अभिवृद्धि कर नभएका सँग खरिद -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।देहाय अनुसारको विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश हुनुपर्दछ ।	

गो. भौ. नं. र मिति	कार्यक्रम	आपुर्तिकर्ताको नाम	विल संख्या	भुक्तानी रकम
६१-०७८/०८/०६	बैदेशिक रोजगार सम्बन्धी स्थानीय तहको प्रोफाइल निर्माण	Nimto family Restaurant and Bar	२	३७९४०
९०-०७८/०९/०१	पोषण कार्यक्रम	Smart Guest House	३	५६०००
३४६-०७९/०१/०८	सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रकाशन	Yogi Publicity House	३	४७९१०
२१-०७८/१२/०१	पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक	युनानी होटल	२	३९२००
३५५-०७९/०१/११	गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम	ॐ लक्ष्मी स्वीट हाउस	७	११५०००
४५४-०७९/०३/०६	राष्टपति रनिङ्ग सिल्ड प्रतियोगिता	Janata Educational House	६	१०६०००
५३६-०७९/०३/२०	वराहक्षेत्र मा वि सेवारवन गाउँमा पुस्तकालय स्थापना	लम्साल वुक्स	४०	४८७९०४
			जम्मा	७७४९५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.५			**भुक्तानीमा घटी करकट्टीः** ११८६।०७८।११।५ र २३६८।०७९।३।३ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार पटके रूपमा प्राप्त हुने भुक्तानीमा १५ प्रतिशतको दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सरसफाइ कार्यमा खटिए वापत भत्ता रु ८०४०९३ भुक्तानी गर्दा १ प्रतिशत मात्र करकट्टी गरेकोले अपुग करकट्टी असुल हुनुपर्ने रु.	११२,५५४

क्र स	कर्मचारीको नाम	जम्मा भत्ता	घटि करकट्टी
1.	**लक्ष्मण अधिकारी**	**२८७८०**	**४०२९**
2.	**एन्जल सिजवाल**	**२५३२०**	**३५४४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			3.	अरुण कुमार अधिकारी	२६५७६	३७२०	
			4.	गोपाल खड्का	११०७०	१५४९	
			5.	नविन विक्रम शाही	२२९९५	३२१९	
			6.	खिमानन्द के सी	१८९४२	२६५१	
			7.	एकराज चौधरी	१४९६०	२०९४	
			8.	प्रसादु चौधरी	१९९५४	२७९३	
			9.	जीवराज के सी	२२६६०	३१७२	
			10.	विनोद योगी	३२१४२	४४९९	
			11.	जिवलाल शर्मा	१८९४२	२६५१	
			12.	विर वहादुर घर्ती	१९९५४	२७९३	
			13.	कृष्ण वहादुर वि क	१९९५४	२७९३	
			14.	वीर वहादुर वि क	१५०३६	२१०५	
			15.	पदम वहादुर सुनार	१९९५४	२७९३	
			16.	भद्र वहादुर सुनार	१९९५४	२७९३	
			17.	पुनाराम कामी	२३७७४	३३२८	
			18.	थम्मन कामी	१३३३५	१८६६	
			19.	टेक वहादुर कामी	१७२३३	२४१२	
			20.	लाल वहादुर वि क	१३७७६	१९२८	
			21.	जगत विश्वकर्मा	१५४९८	२१६९	
			22.	खुसीराम चौधरी	१५८६०	२२२०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				23.	चैनुलाल चौधरी	१४४००	२०१६		
				24.	प्रेम वहादुर चौधरी	१६८००	२३५२		
				25.	वीर वहादुर थापा	१५०३६	२१०५		
				26.	वीर वहादुर थारु	१३६००	१९०४		
				27.	तुल्सीराम चौधरी	१३६०४	१९०४		
				28.	जगरानी हेला	१५०३६	२१०५		
				29.	विन्दु गुरुङ सार्की	१५७५२	२२०५		
				30.	राधा विश्वकर्मा	१५०३६	२१०५		
				31.	अनिता चौधरी	१७२२०	२४१०		
				32.	पवन चौधरी	४२८०	६००		
				33.	तारा खड्का	१८९४२	२६५१		
				34.	राजु चौधरी	१५७५२	२२०५		
				35.	सितापति चौधरी	१४३२०	२००४		
				36.	दिलुमाया वुढाथोकी	१२८८८	१८०४		
				37.	रुपकली वि क	१०७४०	१५०३		
					नगरप्रहरी तर्फ				
				38.	हिरालाल चौधरी	२५८५०	३६१९		
				39.	सञ्जिव चौधरी	२४१२६	३३७७		
				40.	मिलन चौधरी	२८०११	३९२१		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**आन्तरिक लेखापरीक्षण तर्फ- यसमा निम्न व्यहोरा देखिएको छ -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ को उपनियम १ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्योट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ । आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म फछ्र्योट तथा संपरीक्षण नभएको व्यहोरा असुल हुनुपर्ने रु. **क)भुक्तानीमा कर कट्टी नगरेको -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. १५८७८ अग्रिम कर कट्टी गरेको छैन । कार्यालयले भुक्तानी दिदां अग्रिम कर कट्टी नगरेको कर सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने रु.	१५,८७८
६७			अनुगमन र सम्परीक्षण-	

41.	**विशाल चौधरी**	**२६४११**	**३६९७**
42.	**यमराज रावत**	**२३२०९**	**३२४९**
43.	**गुरुप्रसाद वि सी**	**२६४११**	**३६९७**
	जम्मा	८०४०९३	**११२५५४**

गो.भौ.नं.।मिति	संक्षिप्त व्यहोरा	भुक्तानी रकम	करको दर	कर रकम रु.
२२० ।आन्तरिक पूँजिगत	मेसिनरी औजार खरिद	१११८६७	१.५%	१६७८
५६९।२०७८-०८-१२	पलम्बर प्रशिक्षक तालिम	३००००	१५%	४२००(सा.सू.कर कट्टा गरेको)
९६३।२०७९-०९०-२९	प्रगति किशोरी संजाल	६६६६७	१५%	१००००
	जम्मा	२०८५३४		१५८७८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क)अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B
४४८४४१०००	२८१६७१७५.१३	४४५२७३८२४.८७

ख) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष विभिन्नमा कायम बेरुजु मध्ये रु. ३१६७१७५.१३ बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु. ३१६७१७५.१३ को लगत कट्टा गर्न मनासिव देखिएको छ ।

आर्थिक बर्ष	दफा नं.	बेरुजुको विवरण	अनुरोध रकम	संपरीक्षण रकम
२०७६।७७	३९	नापजाचँ गरि नापीँ किताबमा चढाएको नापी किताब पेश भएकाले फछ्र्योट भएको १. घोराहि मसिना स्वर्गद्वारी सडक अन्तर्गत नयाँवस्ती टोल विकास संस्थामा पर्ने सडक कालोपत्रे २. विकास गौतमको घर देखि दक्षिण पश्चिम खारखोली जोड्ने सडक कालोपत्रे	१४३२१६५.१३ १४२८७३८	१४३२१६५.१३ १४२८७३८
२०७६।७७	७६	केशव बहादुर रावतको नामको पेश्की बेरुजु रकम आन्तरिक चालु गो.भौ.नं.५६। २०७७-०५-१५६ बाट फछ्र्योट	५००००	५००००
२०७४।७५	१४	जि.स.स. सदस्य लोक कुमारी बि.क.बाट मासिक पारिश्रमिक रकम असूल भई बैंक दाखिला भौचर पेश भएको	६८००	६८००
२०७४।७५	१५	राधा रिजालको अनुगमन भत्ता असुल भई बैंक दाखिला भौचर पेश भएको	१०२०००	१०२०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२०७५।७६	१५.१	निम्म फर्मको स्थानिय संचित कोषमा रहेको मू.अ.कर रकम संघिय बेरुजु खातामा दाखिला भई बैंक भौचर पेश भएको	१४७४७२	१४७४७२
२०७५।७६	६	नेपाल बिटुमिन तथा ब्यारेल उद्योग लि. लाई दिएको मोबिलाईजेशन पेश्की गो.भौ.नं.१४२।२०७७-०५-१८(आन्तरीक पूँजिगत) बाट पेश्की फछ्यौंटको प्रमाण पेश भएको ।	२५००००००	२५००००००
		जम्मा	२८१६७१७५.१३	२८१६७१७५.१३

गत वर्ष सम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
४४८४४१०००	२८१६७१७५.१३	१३६१००५१५	०	५५६३७४३३९.८७

ग) उप-महानगरले आ.व २०७७।७८ को बेरुजु फछ्यौंटका निमित्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत सम्परीक्षणका लागि पेश गरेको पालिकाले जनाएको छ । सोहि प्रणाली मार्फत सम्परीक्षण गरि जानकारी गरिने छ ।